# अन्तिम लेखापरीक्षण प्रतिवेदन

मालिका गाउँपालिका,म्याग्दी

## आर्थिक वर्ष २०७६/७७

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९
च.नं.: २०८

मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू,
मालिका गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
म्याग्दी।

**विषयः- लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८/७९ च.नं.:१०८ मितिः२०७८।०५।०४

श्री अध्यक्षज्यू,
मालिका गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
म्याग्दी।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले मालिका गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु १ करोड ३० लाख ५६ हजार बेरुजू देखिएको छ।सोमध्ये असुल गर्नुपर्ने रु.४३लाख ५० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१२ लाख ५९ हजार नियमित गर्नुपर्ने रु.६५ लाख ४४ हजार र पेस्की बाँकी रु.९ लाख ३ हजार रहेको छ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।१२।२५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २९(उनान्तिस) यसैसाथ संलग्न छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

# लेखापरीपरीक्षण प्रतिवेदन

पालिकाको आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोषको आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

प्राप्ती र भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति / भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| **प्राप्ति (क+ख)** | | ४३९५४८००० | ४२०१२०९५१.६२ | | ४२०१२०९५१.६२ |
| **क.प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ३४२८८२००० | ३२११९८५२०.८३ | ० | ३२११९८५२०.८३ |
| ११००० कर | ११ | ७२२४९००० | ४५८७९२२६.०७ | ० | ४५८७९२२६.०७ |
| १३००० अनुदान | | २६७६३३००० | २६१३६०००० | ० | २६१३६०००० |
| संघीय सरकार | १२ | २४५४८८००० | २४४२१५००० | ० | २४४२१५००० |
| प्रदेश सरकार | १२ | २२१४५००० | १७१४५००० | ० | १७१४५००० |
| १४००० अन्य राजस्व | | ३०००००० | १३९५९२९४.७६ | ० | १३९५९२९४.७६ |
| ख.अन्य प्राप्ति | | ९६६६६००० | ९८९२२४३०.७९ | ० | ९८९२२४३०.७९ |
| वितरण गर्न बांकि राजस्व | | ० | १४८९९०५ | | १४८९९०५ |
| कोषहरु | | १२०००००० | १२६५२१८५.३३ | ० | १२६५२१८५.३३ |
| धरौटी | | ० | २७७१७४१.९९ | ० | २७७१७४१.९९ |
| संघीय,प्रदेश सरकार वा अन्य कार्यक्रम | | ८४६६६००० | ८२००८५९८.४७ | ० | ८२००८५९८.४७ |
| भुक्तानी (ग+घ) | | ५१२०३५१७१.७५ | ४०४८२२३७२.३८ | | ४०४८२२३७२.३८ |
| ग.भुक्तानी (सञ्चित कोषबाट) | | ४१५३६९१७१.७५ | ३१४९०८२७६.९१ | | ३१४९०८२७६.९१ |
| २१००० पारिश्रमिक/ सुविधा | १८ | १४१७६३००० | ११४८६४७००.८८ | ० | ११४८६४७००.८८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ७४७२१००० | ४२०९६७७७.८४ | ० | ४२०९६७७७.८४ |
| २५००० सहायता(Subsidy) | १८ | ११०००००० | ११०००००० | ० | ११०००००० |
| २६००० अनुदान | १८ | ४६९८००० | ४०००००० | ० | ४०००००० |
| २७०००सामाजिक सुरक्षा | १८ | ३९००००० | २९७७८३४ | ० | २९७७८३४ |
| २८००० अन्य खर्च | १८ | २८०००01.७५ | २०६८२४० | ० | २०६८२४० |
| ३१००० गैर वित्तिय सम्पत्ती/पूँजीगत खर्च | १८ | १८६३८७१७० | १४७८००७२४.०९ | ० | १४७८००७२४.०९ |
| घ.अन्य भुक्तानी | | ९६६६६००० | ८९९१४०९५.४७ | | ८९९१४०९५.४७ |
| कोषहरु | | १२०००००० | ५७१७९९३ | ० | ५७१७९९३ |
| धरौटी | | ० | २१८७५०० | ० | २१८७५०० |
| संघीय,प्रदेश सरकार वा अन्य कार्यक्रम | | ८४६६६००० | ८२००८५९८.४७ | ० | ८२००८५९८.४७ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बांकी | | | ४ | | ४ |
| ङ.यो वर्षको बचत(न्युन) | | (७२४८७१७१.७५) | १५२९८५७९.२४ | | १५२९८५७९.२४ |
| च.गतवर्षको जिम्मेवारी रकम(अ.ल्या) | | | ७३४१२७५८.७५ | | ७३४१२७५८.७५ |
| वर्षान्तको बांकी रकम(ङ+च) | | (७२४८७१७१.७५) | ८८७११३३७.९९ | | ८८७११३३७.९९ |
| बैंक तथा नगद बांकी | २४ | | ८८७११३३७.९९ | | ८८७११३३७.९९ |

<table>
<tr><th>दफा नं</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>वेरुजु रकम</th></tr>
<tr><td></td><td>परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिकामा ७ वटा वडा र १४७.१७वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ ।</td><td></td></tr>
<tr><td></td><td>असुलीः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी भएपश्चात प्रतिक्रियावाट रु ३ लाख २३ हजार असुली भई सम्वन्धित राजश्व शिर्षकमा दाखिला भएको छ।</td><td></td></tr>
<tr><td>१.</td><td>वित्तीय विवरणको विश्लेषणः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिएअनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्
<ul>
<li>स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन।</li>
<li>पालिकाको श्रेस्ता र वैक मौज्दात विच निम्नानुसारको फरक देखिएकोले फरक पर्नुको कारण पत्ता लगाई वैक हिसाव मिलान गर्नुपर्ने देखिन्छ।</li>
</ul>
<table>
<tr><th>खाता</th><th>वैक खातामा</th><th>सुत्र सफ्टवेयरमा</th><th>अषाढ पछी जम्मा भएको</th><th>अषाढ पछी सटहि भएको</th><th>फरक</th><th>वास्तविक मौज्दात</th></tr>
<tr><td>विभिन्न ९ खाता</td><td>१११३५४६१८।९</td><td>७०४५२३२०।२५</td><td>१०२२११६९७।६</td><td>१४३१२७४९६।३</td><td>४०९१५७९८।७</td><td>७०४३८८२०।२५</td></tr>
<tr><td colspan="7">पालिकाले सुत्रको वित्तिय विवरणको अनुसुची २४ को वैक तथा नगद वाँकी अन्तर्गत वैक कारोवारमा भिन्नता भनी देखिएको रु१८२५९०२१।७४ लाई वैक मौज्दातमा समावेश नगरी सुत्रको वैक तथा नगद वाँकी खाताअनुसार मौज्दात गणना गरेको छ।</td></tr>
</table>
<ul>
<li>स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएता पनि सोले देखाएको वित्तिय प्रतिवेदन यथार्थ रहेको पाईएन।</li>
<li>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ अनुसार वजेट तयार तथा कार्यान्वयन दुवै गरेको छैन जसले चालु प्रकृतिका काम पूँजीगतमा तथा पूँजीगत कार्यलाइ चालु खर्च शिर्षकमा राखी खर्च गरेको पाइयो।</li>
<li>पालिकाले पालिकामा प्राप्त भएका सम्पुर्ण आम्दानीलाई आम्दानी वाँधी वैक दाखिला गर्नुपर्नेमा सोझै वैक जम्मा गराउने र वैक स्टेटमेन्टको आधारमा मात्र आम्दानी वाँध्ने गरेकोले पालिकाले पेश गरेको वित्तिय विवरणले यथार्थ अवस्था चित्रण गर्दैन।<br>पालिकाले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।</li>
</ul></td><td></td></tr>
<tr><td>२.</td><td>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | रहेका छन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको पञ्जिकरण लगायतका आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि पालिकाले सञ्चित कोषमा रकम ट्रान्सफर गरेको पाइएन।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेस्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।<br>• दिगो बिकास योजना (२०१५-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न व्यक्ति तथा संघ संस्थालाई वितरण गरेको पाईयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ-टीडिएस गरेको पाइएन।<br>• कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। | |

- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।
- पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः योजनामा सोको पालना भएको पाईएन।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ र प्रशासनिकतर्फ समेत ८१ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः ७७ पदपूर्ती भएको ४ दरवन्दी रिक्त रहेकोले कार्यालय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईए ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था अनुसार योजना तर्जुमा तथा कार्यन्वयन गरेको पाइएन ।
- फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी गाउँ तथा नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख भएकोमा पालिकाले फोहोरमैला व्यवस्थापन गर्न दिर्घकालिन योजना वनाई कार्यान्वयन गरेको पाइएन ।
- सामाजिक सुरक्षा नियमावली २०७६, को नियम २३(१) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेमा पालिकाले समयमा प्रतिवेदन गर्ने कार्य गरेको पाइएन।
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधी २०७५ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण वैकिङ्ग प्रणालीअनुसार गर्नुपर्नेमा पालिकाले हालसम्म पनि वैकिङ्ग प्रणालिवाट सामाजिक सुरक्षा भत्ता वितरण गरेको छैन।
- सामाजिक सुरक्षा कार्यक्रम संञ्चालन कार्यविधि, २०७५ दफा ३३ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय तहको सभामा पेश गर्नुपर्नेमा

नगरेको साथै पालिकावाट पठाएको रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने व्यवस्था रहेकोमा गाउँपालिकामा उक्त शर्तअनुसार वैंकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन।

- गाउंपालिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर तथा विद्युतिय सामान लगायतका सम्पत्तीको मुल्याङकन समेत देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्नेमा सो गरेको पाइएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३. **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ ।यस स्थानीय तहमा रु.३९ करोड ८४ लाख ८४ हजारको बजेट मिति २०७६।०३।१० गते सभा समक्ष पेश गरेकोमा २०७६।३।१० मा पारित भएको छ।बजेट पारित पश्चात गाउँपालिका अध्यक्षले ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था भएता पनि २०७६।०४।१५ मा प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी प्रदान गरेको पाइयो।पालिकाले कानुनमा तोकिएअनुसार अख्तियारी प्रदान गर्नेतर्फ ध्यान दिनुपर्दछ।

४. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूजिगत खर्चको स्थिति देहाय बमोजिम छ। यसरी आर्थिक वर्षको अन्त्यतिर मात्र अधिक खर्च गरी योजना सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दिगोपनामा समेत प्रभाव पर्न सक्छ।त्यसैले पालिकाले निर्धारीत समयभित्र कार्य सम्पादन गर्नुपर्दछ।

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च रु हजारमा | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| गापा पुँजीगत | ११९५९९ | ० | २०५२४ | ९९०७५ | ७८३५२ |
| शसर्त संघ | १८८५५ | ० | २१८६ | १६६६९ | |
| प्रदेश शसर्त | ५००० | ० | ० | ५००० | |
| जम्मा | १४३४५४ | ० | २२७१० | १२०७४४ | ७८३५२ |
| खर्चको प्रतिशत | १०० | ० | १५.८३ | ८४.१७ | ५४.६२ |

५. **अनुगमन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ।कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. ३० लाख ८ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन।जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन।यसमा सुधार गर्नुपर्ने देखिन्छ।

६. **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा

सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

| क्र. सं. | ववरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | २४ | २३५०००० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | १०७ | ३०२६८५०० |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | २३ | १६९१७००० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मा योजना | २५ | ६५३२४००० |
| ५ | ५० लाख भन्दा माथिका योजनाहरु | २ | १८०००००० |
| | जम्मा | १८१ | १३२८५९५०० |

७. **सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। गाउँपालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म र मृत्यु दर्ता ८२५,नाता प्रमाणित ११०, नागरिकता सिफारिस १४०१, वसाईसराई २३ दर्ता गरेको पाइयो। पालिकाले पञ्जिकरण दर्ता तथा सिफारिस सम्वन्धमा अभिलेख राखेको छैन। पालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

८. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट खर्चको स्थितिको शिर्षकगत विवरण पेश नभएकोले क्षेत्रगत वजेट खर्चको शिर्षकगत अवस्था एकिन गर्न सकिएन। खर्चको शिर्षकगत विवरण तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | १८६४२००१ | १३११८८२२ | ४.१७ |
| सामाजिक क्षेत्र | १६४४१४००० | १४४४२९४०१ | ४५.८८ |
| पूर्वाधार विकास क्षेत्र | १२०७०५१७० | ९३९२४९१९ | २९.८५ |
| वातावरण तथा विपद् व्यवस्थापन | १८८८१५९५ | १६४०४६७८ | ५.२१ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ९२७२६४०५ | ४६८६९२९० | १४.८९ |
| जम्मा | ४१५३६९१७१ | ३१४७४७११० | १०० |

९. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ६९ लाख ५० हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु ३१ करोड ४२ लाख ४८ हजार समेत रु ३२ करोड ११ लाख ९८ हजार आम्दानी भएकोमा चालु तर्फ रु १६ करोड ७१ लाख ७ हजार र पूँजिगत तर्फ रु १४ करोड ७८ लाख समेत रु ३१ करोड ४९ लाख ८ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा २.२० प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु १५ लाख २४ हजार खर्च भएको छ जुन आन्तरिक आयको २१.९२ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५३.०६ प्रतिशत चालु र ४६.९४ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ। पालिकाले आन्तरिक आय वृद्धि गरी प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।

१०. **जग्गा उपयोग मापदण्डः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७ वमोजिम स्थानीय तहले भु जोखिम

| | | |
|---|---|---|
| | संवेदनशिलताका आधारमा जग्गाको उपयोग सम्वन्धि मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृती दिन सक्ने व्यवस्था छ। यस गाउँपालिकाले जग्गाको उपयोग सम्वन्धी मापदण्ड वनाई लागु गरेको देखिएन। स्थानीय तहले आफ्नो सवै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा वन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृती, समान ढाँचाको नमुना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीवाट नक्सा तयार गराई निःशुल्क उपालव्ध गराउने व्यवस्था रहकोमा कार्यान्वयन भएको देखिएन। जग्गाको उपयोग सम्वन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृती वमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ । | |
| ११. | **आन्तरिक आयतर्फ** : स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको व्यवस्था रहेको छ। तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने व्यवस्था भएकोमा नमुना छनौटका आधारमा लेखापरीक्षण गर्दा रसिद नियन्त्रण खाता राख्नुपर्नेमा नरहेको, वडा कार्यलयहरुमा पठाएका र फिर्ता आएका रसिदको अद्यावधिक श्रेस्ता नरहेको, रसिदको सिलसिलेवार नम्वर अनुसार उठाएको आय र बैंक दाखिलाको रकम नभिडेको हुँदा यो वर्ष घरबाटो सिफारिस दस्तुर, सम्पत्तिकर, मालपोत रजिष्टेशन शुल्क तथा अन्य आयवापत हुनुपर्ने वास्तविक आम्दानी एकिन गर्न सकिएन। यो वर्ष पालिकाले ढुंगा गिटी वालुवा र विविध सिफारिस दस्तुरमा आन्तरिक आयवापत रु.६९ लाख ५० हजार आम्दानी देखिएको छ। पालिकाले आवश्यक म.ले.प.फा.न. हरु र श्रेस्ता अद्यावधिक गरी आन्तरिक आयलाई पारदर्शी गर्ने गराउने र आयको उचित अभिलेखांकन तथा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| १२. | **आन्तरिक आयको विश्लेषणः** पालिकाले उपलव्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा पालिकाले रु ६९ लाख ५० हजार वास्तविक आन्तरिक आय प्राप्त गरेकोमा सुत्रको वित्तिय विवरणको अनुसुची ११ मा प्राप्त भएको आन्तरिक राजस्व रु५ करोड ९८ लाख ३८ हजार देखाएको छ। सुत्रले देखाएको वित्तिय विवरणमा पालिकाको आर्थिक ऐनमा समावेश गरिएका आन्तरिक आय तर्फका शिर्षकहरुवाट के कति राजस्व प्राप्त भएको हो सो समेत एकिन नभएकोले पालिकाको एकिकृत आय व्यय विवरण र सुत्रको अनुसुची ११ मा फरक परेको रकम रु ५ करोड २८ लाख ८८ हजारको सम्वन्धमा स्पष्ट गर्नुपर्ने देखिन्छ। साथै पालिकाले आन्तारिक आयको यथार्थ अवस्था चित्रण हुने गरी अभिलेख व्यवस्थापन गर्नुपर्दछ। | |
| १३. | **नगदी रसिदको अवस्था एकिन नभएकोः** पालिकाका विभिन्न वडामा संकलित राजस्व नगदी रसिद मार्फत संकलन गरिदै आएकोमा रसिद नियन्त्रण खाता अद्यावधिक नभएको कारणले पालिकामा आ व २०७५।७६ मा प्रयोग गरी वाँकी रहेका तथा यस वर्ष छपाई भई वितरण गरिएका नगदी रसिद तथा मालपोत रसिद के कति मात्रमा प्रयोगमा आए नआएका सम्वन्धमा एकिन गर्न सकिएन। पालिकाले दिएको जानाकारी अनुसार वडामा वितरण गरेको सम्पुर्ण रसिदहरु लेखापरीक्षण अवधिसम्म पनि पालिकामा उपलव्ध नभएकोले तथा आ व २०७६।७७ मा वितरण भएका नगदी नगदी रसिदमार्फत आ व २०७७।७८ मा समेत राजस्व संकलन भएकोले राजस्व सम्वन्धमा पालिकाले आम्दानी वाँधेको राजस्व यथार्थ हो भनी विस्वस्त हुन सकिएन। पालिकाले रसिद नियन्त्रण खाता अद्यावधिक गरी राजस्वको अभिलेखांकन पद्धतिलाई व्यवस्थित वनाउनुपर्दछ। | |
| १४. | **घटी दरमा कर उठाएकोः** प्रदेश आर्थिक ऐन २०७६ को अनुसुची ६ मा रोडा ढुंगा गिट्टी चिप्स गेग्रान चट्टानको संकलनको दर प्रति क्यु फिट रु ४ का दरले कर संकलन गर्ने उल्लेख छ। पालिकाले यस वर्ष ठेक्का नं MRM/GP/MGD/TB-3/2076/77 वाट क्याराभान कन्ट्रक्सन प्रा लि संग सम्झौता गरी मु अ कर सहित रु१४८९९०५।०० संकलन गरेको छ। संकलन तथा विक्रिको दर प्रति क्यु फिट रु ४ का दरले गर्नुपर्नेमा रु २ को दरले संकलन गरेकोले पालिकाले मु अ कर वाहेक रु१३१८२६४।०० रकम कम आय प्राप्त भएको छ। प्रदेश ऐनको व्यवस्थालाई कार्यान्वयन नगरी घटी दर राखी कर संकलन गर्दा रु१३१८२६४।०० ले घटी आम्दानी गरेको सम्वन्धमा जिम्मेवार पदाधिकारीलाई जवाफदेही वनाउनुपर्ने तथा कम आय संकलन भएको देखिएको रु | १३१८२६४ |

| | | |
|---|---|---|
| १५. | **मु अ कर दाखिला नगरेकोः पालिकाले यस** वर्ष ठेक्का नं MRM/GP/MGD/TB-3/2076/77 वाट ढुंगा गिटी वालुवा को विक्रि गर्ने सम्वन्धमा क्याराभान कन्ट्रक्सन प्रा लि संग सम्झौता गरी मु अ कर सहित रु१४८९९०५।०० संकलन गरेकोमा लेखापरीक्षण अवधिसम्म पनि मु अ कर रकम सम्वन्धित खातामा दाखिला नगरी पालिकाको सञ्चित कोष खातामा नै रहेकोले मु अ कर रकम रु१७१४०५।०० सम्वन्धित खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु | १७१४०५ |
| १६. | **स्वास्थ्य संस्थाको आम्दानी पालिकामा प्राप्त नभएकोः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(झ) मा गाँउपालिकाको काम कर्तव्य तथा अधिकारको व्यवस्था गरिएअनुसार आधारभुत स्वास्थ्य सरसफाई तथा पोषण सम्वन्धी नीति कानुन मापदण्ड योजनाको तर्जुमा तथा कार्यान्वयन र अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना र सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ।पालिकाको वडा नं ६ मा अवस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा जनशक्ति औषधी लागयतका अन्य खर्च पालिकावाट गरिदै आएता पनि आ व २०७६।७७ मा उक्त प्राथमिक स्वास्थ्य केन्द्रमा भएको आम्दानी रु ५५७४६७९।०० पालिकामा दाखिला नगरी छुट्टै सञ्चालक समिती गठन गरी खर्च गरिदै आएको पाइयो।यस सम्वन्धमा पालिकामा जानाकारी लिदाँ पालिकावाट कुनै पनि समिती गठन आदेश जारी नभएको र पालिकावाट पटक पटक ताकेता गर्दा पनि पालिकामा आम्दानी दाखिला नगरेको जानाकारी पाइयो।पालिकाले कुनै पनि कानुनी आधार विना गठन भएको समितीलाई कानुन निर्माण मार्फत पालिकाको कानुनी दायरामा ल्याउने तथा सम्पुर्ण आम्दानी पालिकाको राजस्व खातामा दाखिला गर्नुपर्ने देखिन्छ। | |
| १७. | **अनुदान फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले विभिन्न शिर्षकको रकममध्ये आषाढ मान्तसम्ममा खर्च नभई बाँकी रहेको रकम रु. १८२५९०२१।०० सम्वन्धित निकायमा फिर्ता गरेको देखिन्छ। | |
| १८. | **कोभिड-१९ तर्फः** | |
| | आ.व २०७६।७७ को अषाढ मसान्तसम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ। | |

| आम्दानी स्रोत | रकम रु हजारमा | खर्च शिर्षक | रकम रु हजारमा |
|---|---|---|---|
| स्थानीय तहको आफ्नै वजेटवाट | ८००० | राहत वितरण | ३४५० |
| संघीय कोभिड कोषवाट | | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | ६१ |
| प्रदेश कोभिड कोषवाट | ५०० | औषधी एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद | ७१६ |
| अन्य स्रोतवाट | ७०० | आइसोलेशन केन्द्र निर्माण | २५० |
| प्रदेश सञ्चित कोषवाट | | जनशक्ति परिचालन | १९० |
| | | स्वास्थ्य पुर्वाधार निर्माण | ० |
| | | अन्य खर्च | १०७२ |
| | | वाँकी | ३४६१ |
| जम्मा | ९२०० | जम्मा | ९२०० |

**यस** सम्वन्धमा निम्नानुसार देखिएको छ।

- पालिकाले राहत वितरण गर्न खरिद गरेका खाद्यान्न सामाग्री तथा औषधी एवम् स्वास्थ्य उपकरण विना प्रतिष्पर्धा सिधै खरिद गरेको पाइयो।
- क्वारेन्टाइन तथा आइसोलेसन केन्द्रमा खरिद गरीएका सम्पुर्ण सामाग्री हालसम्म पनि पालिकाको कार्यालयमा आइनपुगेकोले कार्यालयमा ल्याई उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ।
- पालिकाले उपलव्ध गराएको विवरणअनुसार अन्य शिर्षकमा रु१० लाख ७२ हजार खर्च भएको खर्च भएको देखिन्छ।पालिकाले शिर्षकगत खर्चको विवरण अद्यावधिक गरी श्रेष्ता राखुपर्दछ।

| | | |
|---|---|---|
| १८.१. | **बील भरपाई वेगरको खर्चः१६।२०७७।२।३०** आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम ३६(३) मा खर्च गर्दा सार्वजनिक निकायले सो खर्चलाई प्रमाणित गर्ने बील भरपाई तथा रीत पुगे नपुगेको जाँच गरी लेखा राख्नुपर्ने ब्यवस्था भएकोमा पालिकाको वडा नम्बर ६ मा लकडाउनको समयमा स्वयमसेवक खटीएका ५ जना व्यक्तिलाइ पारिश्रमिक भुक्तानी गर्दा टोलि नेता मनोज रोकालाइ डोर हाजिर समावेश नगरि एकमुस्ट रु.९५०४० भुक्तानी भएको पाइयो।डोर हाजिर समावेश नगरि भुक्तानी दिएको उक्त रकम स्वयमसेवकहरुले प्राप्त गरेको नगरेको यकिन हुन सकेन।यकिन गरि डोर हाजिर प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु. | ९५०४० |
| १८.२. | **मुल्य अभिवृद्धि करमा दर्ता नभएकोसँग खरिदः**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा रु. २० हजार भन्दा वढीको खरिद गर्दा मुल्य अभिवृद्धि करमा दर्ता भएका सँग मात्र खरिद गर्नुपर्ने उल्लेख छ । कार्यालयले खाजा खाना वापत रकम भुक्तानी भनि शिल्पा होटललाइ २०७७।३।२५ मितिमा भौ नं ८८ बाट रु ४५७००। भुक्तानी भएको तथा आयुष एण्ड अरुण स्टोर्स बाट२०७७।२।११ मितिमा भौ.न ८ बाट रु.६८६५८। प्यानविलका आधारमा भुक्तानी भएको देखिन्छ।पालिकाले नियममा भएको व्यवस्थाको पालना नगरेकोले अनियमित देखिएको रु | ११४३५८ |
| १९. | **सामाजिक विकास मन्त्रालय**<br>**बील भरपाई वेगरको खर्चः१।२०७७।३।२४** आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम ३६(३) मा खर्च गर्दा सार्वजनिक निकायले सो खर्चलाई प्रमाणित गर्ने बील भरपाई तथा रीत पुगे नपुगेको जाँच गरी लेखा राख्नुपर्ने ब्यवस्था भएकोमा जेष्ठ नागरिक दिवा सेवा भवन निर्माण कार्य गर्दा आवश्यक गिट्टी बालुवा ढुङ्गा उपलब्ध गराएको भनी प्रविण सिउथानीलाइ रु.१६८५०० भुक्तानी गरिएकोमा के कति परिमाणमा गिट्टी ,वालुवा ढुङ्गा उपलब्ध गराएको हो सोको यकिन हुन सकेन ।यकिन गरि प्रमाण पेश गर्नुपर्ने रु. | १६८५०० |
| २०. | **सामाजिक सुरक्षातर्फः** | |
| २१. | **भत्ता वितरणः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्याविधी २०७५ को परिच्छेद ७ मा यस कार्याविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि मन्त्रालयको स्विकृती वेगर हातहातै नगद वितरण पाइने छैन भनी वैक मार्फत भत्ता वितरण गर्ने सम्वन्धमा विविध व्यवस्था गरेको छ।पालिकाले यो वर्ष ६ वटा वडा कार्यालयमा सामाजिक सुरक्षा भत्ता रकम नगदै वितरण गरेको देखियो।यसरी नगदै वितरण गर्दा निर्देशिकाको उपरोक्त प्रावधान वमोजिम मन्त्रालयको स्विकृती लिएको छैन।पालिकाले कार्यविधीको पालना गरी कार्य सञ्चालन गर्नुपर्दछ। | |
| २२. | **निस्क्रिय खाताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ अनसुसूचि ७ को बुंदा न ७ मा सामाजिक सुरक्षा विशेष बचत खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका विवरण खाताहरु मध्य निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र केन्द्रिय पञ्जिकरण बिभागलाइ दिनुपर्ने साथै अनुसुची ८ को बुंदा न १० मा बैंकले निष्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महनाभित्र सम्बन्धित स्थानीय तहलाइ दिनुपर्ने ब्यवस्था छ।प्रभु बैंक लिमिटेड दरबाङ्ग साखाबाट बाट वडा नम्बर २,३ र ४ मा २०७७।१२।०६ सम्ममा विभिन्न ४ जना लाभग्राहिहरुको जम्मा रु.१२११५१।०० तथा गरिमा विकास बैंक लिमिटेड दरबाङ्ग साखाबाट वडा नम्बर १,५,६ र ७ मा २०७७।१२।०५ सम्ममा विभिन्न ३९ जना लाभग्राहिको जम्मा रु.५१६१२।०० गरि जम्मा रु.१७२७६३।०० रकमको खाता निष्क्रिय रहेको वैकवाट प्रमाणित विवरण लेखापरीक्षणको क्रममा पालिकामा प्राप्त भएको छ।उल्लिखित निस्क्रिय खाताका लाभग्राहीहरुमध्ये वास्तविक लाभग्राहिहरु सम्वन्धमा सम्वन्धित वडाबाट एकिन गरी नभएको अवस्थामा खातामा निस्क्रिय रहेको रकम असूल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु | १७२७६३ |
| २३. | **एकै नागरिकता नम्बरवाट दोहोरो भुक्तानीः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि,२०७५ को दफा १९ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न, स्थानीय तह,विभाग र बैंक\वित्तिय संस्था बीच प्रणालिगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रिकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ।उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ।पालिकाले तपशिलको व्यक्तिहरूलाई दोहोरो नागरिकता | |

नम्वर उल्लेख गरी सामाजिक सुरक्षा भत्ता भुक्तानी गरिएको छ। नागरिकता नम्बर दोहोरो उल्लेख गरी भत्ता वितरण गरिएकोले वास्तविक लाभग्राही पहिचान हुन सकेन। के कारणले नागरिकता नम्बर दोहोरिएको हो सो पहिचान गरि वास्तविक लाभग्राहि बाहेकको लाई भत्ता वितरण भएको नभएको एकिन गरि दोहोरो भत्ता वितरण भएको खण्डमा दोहोरो परेको रकम असूल गर्नुपर्ने रु.

९९४८००

| स नं | सामाजिक सुरक्षाको क सम | नाम (अंग्रेजीमा) | वडा नं. | नागरिकता नं | जम्मा पाउने |
|---|---|---|---|---|---|
| 1. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | जसमा बुढा | ५ | ८९० | १२००० |
| 2. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | जसमा बुढा मगर | ५ | ८९० | १२००० |
| 3. | जेष्ठ नागरिक भत्ता (द लत) | धन बहादुर कामी | ३ | १८७६ | ८००० |
| 4. | जेष्ठ नागरिक भत्ता (द लत) | धन बाहादुर का म | ३ | १८७६ | ८००० |
| 5. | बिधवा भत्ता | कौमती - पुन | २ | ३८८० | ८००० |
| 6. | बिधवा भत्ता | कौमती - पुन | २ | ३८८० | ८००० |
| 7. | बिधवा भत्ता | कौमती - पुन | २ | ३८८० | ८००० |
| 8. | बिधवा भत्ता | गुलमायां पुन | २ | ७८८१ | ८००० |
| 9. | बिधवा भत्ता | बिरु पुन | २ | ७८८१ | ८००० |
| 10. | वधवा | दिल कुमारि सा र्क | ५ | ६६८८८ | ८००० |
| 11. | वधवा | दिल कुमारी सार्की | ५ | ६६८८८ | ८००० |
| 12. | जेष्ठ नागरिक भत्ता (अन्य) | रिमा पुन | ४ | ४९३०३० | १२००० |
| 13. | एकल महिला भत्ता | दिल कुमारि कामी | ४ | ४९३०३० | १२००० |
| 14. | एकल महिला भत्ता | दिलमाया सुनार | ४ | ४९३०३१ | ८००० |
| 15. | एकल महिला भत्ता | रणसरा पुन | ४ | ४९३०३१ | १२००० |
| 16. | वधवा | अाशा गोतामे | ५ | ४९०१७८०४४३० | २००० |
| 17. | वधवा | आशा गोतामे | ५ | ४९०१७८०४४३० | ८००० |
| 18. | जेष्ठ नागरिक भत्ता (अन्य) | टोप बहादुर पुन | १ | १०३।५८९ | १२००० |
| 19. | अति अशक्त अपाङ्गता भत्ता | टोप बहादुर पुन | १ | १०३।५८९ | १०४०० |
| 20. | जेष्ठ नागरिक भत्ता (द लत) | रतिसरा सुनार | १ | ११।१९६।८५ | ८००० |
| 21. | जेष्ठ नागरिक भत्ता (द लत) | रतिसरा सुनार | १ | ११।१९६।८५ | ८००० |
| 22. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | गोरी बुढा | ५ | १२६३।३३३ | १२००० |
| 23. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | खरमा क मनि | ५ | १४।५०६ | १२००० |
| 24. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | सुरमा का म | ५ | १४।५०६ | १२००० |
| 25. | जेष्ठ नागरिक एकल महिला | गगां दे व पुन | ५ | १४१८०९-१८ | ८००० |
| 26. | वधवा | गङ्गा देवी पुन | ५ | १४१८०९-१८ | ८००० |
| 27. | जेष्ठ नागरिक भत्ता (अन्य) | छ लसरा पुन | ४ | १९१।८१६ | १२००० |
| 28. | जेष्ठ नागरिक भत्ता (अन्य) | छ लसरा पुन | ४ | १९१।८१६ | १२००० |
| 29. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | का लमा बुढा | ५ | २०५५।१६४ | १२००० |
| 30. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | दिलमा बुढा | ५ | २०५५।१६४ | १२००० |
| 31. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | लाल बहादुर राना | ५ | २३।५६४ | १२००० |
| 32. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | लाल बहादुर राना | ५ | २३।५६४ | १२००० |
| 33. | जेष्ठ नागरिक भत्ता (अन्य) | मच्छा पुन | ३ | ३१९-२१७८ | १२००० |
| 34. | जेष्ठ नागरिक भत्ता (अन्य) | श्रीमती मक्षा पुन | ३ | ३१९-२१७८ | १२००० |
| 35. | जेष्ठ नागरिक भत्ता (अन्य) | हर्कलाल - पुन | ३ | ३५९-२०२४ | १२००० |
| 36. | जेष्ठ नागरिक भत्ता (अन्य) | हर्क बहादुर पुन | ३ | ३५९-२०२४ | १२००० |
| 37. | जेष्ठ नागरिक भत्ता (द लत) | भम बहादुर का म | २ | ४४७।९४८ | ८००० |
| 38. | जेष्ठ नागरिक भत्ता (द लत) | भम वहादुर का म | २ | ४४७।९४८ | ८००० |
| 39. | बिधवा भत्ता | मन देवी रोका | २ | ४९-०१-७२-००९७८ | ८००० |
| 40. | बिधवा भत्ता | मनदे व - रोका | २ | ४९-०१-७२-००९७८ | ८००० |
| 41. | जेष्ठ नागरिक भत्ता (अन्य) | नरमाया - सुनार | १ | ४९-०१-७५-०३५४९ | १२००० |
| 42. | जेष्ठ नागरिक भत्ता (अन्य) | नरमाया - सुनार | १ | ४९-०१-७५-०३५४९ | १२००० |
| 43. | जेष्ठ नागरिक भत्ता (अन्य) | अतिमा सुनार | १ | ४९१०२९।१३ | १२००० |
| 44. | जेष्ठ नागरिक भत्ता (अन्य) | देउक ल सुनार | १ | ४९१०२९।१३ | १२००० |

| | | | | | |
|---|---|---|---|---|---|
| 45. | जेष्ठ नागरिक भत्ता (अन्य) | डलसरा पुन | ४ | ४९१०३०।२७ | १२००० |
| 46. | जेष्ठ नागरिक भत्ता (अन्य) | भानु देवी घर्ती मगर पुन | ४ | ४९१०३०।२७ | १२००० |
| 47. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | थम बहादुर फगा म | ५ | ४९१०३३।१३ | १२००० |
| 48. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | ध र्म बुढाथो क | ५ | ४९१०३३।१३ | १२००० |
| 49. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | मन्दीरा बुढा | ५ | ४९१०३३।१३५ | १२००० |
| 50. | जेष्ठ नागरिक एकल महिला | वष्णुमति बुढा | ५ | ४९१०३३।१३५ | ८००० |
| 51. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | हरिमला पुन | ५ | ४९१०३३।१८१ | १२००० |
| 52. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | हरिलाल पुन | ५ | ४९१०३३।१८१ | १२००० |
| 53. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | कलमति पुन | ५ | ४९१०३३।२०२ | १२००० |
| 54. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | जुठि फगा म | ५ | ४९१०३३।२०२ | १२००० |
| 55. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | इन्द्र बहादुर पुर्जा | ५ | ४९१०३३।९५५ | १२००० |
| 56. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | खम्बे गोतामे | ५ | ४९१०३३।९५५ | १२००० |
| 57. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | द समा पुन | ५ | ४९-१९-७५-०००६३ | १२००० |
| 58. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | ल समा पुन | ५ | ४९-१९-७५-०००६३ | १२००० |
| 59. | अति अशक्त अपाङ्गता भत्ता | सु मत्रा पुन | १ | ४९३०२९।१८० | ६४०० |
| 60. | अति अशक्त अपाङ्गता भत्ता | सु मत्रा पुन | १ | ४९३०२९।१८० | ६४०० |
| 61. | जेष्ठ नागरिक भत्ता (अन्य) | सताकला दर्जी | २ | ४९३०३१।१२ | १२००० |
| 62. | जेष्ठ नागरिक भत्ता (द लत) | मं शरा - हर्मेल | २ | ४९३०३१।१२ | ८००० |
| 63. | जेष्ठ नागरिक भत्ता (अन्य) | पार्वति घर्ती | २ | ४९३०३१।२०७ | १२००० |
| 64. | जेष्ठ नागरिक भत्ता (अन्य) | रुपना पुन | २ | ४९३०३१।२०७ | १२००० |
| 65. | बिधवा भत्ता | दिलमति पुन | ३ | ४९३०३१।२८८ | ८००० |
| 66. | बिधवा भत्ता | यसमति जै स बिटालु | ३ | ४९३०३१।२८८ | ८००० |
| 67. | जेष्ठ नागरिक भत्ता (द लत) | आशमला - रसाइली | २ | ४९३०३१।३५६ | ८००० |
| 68. | एकल महिला भत्ता | आशमला - रसाइली | २ | ४९३०३१।३५६ | ८००० |
| 69. | जेष्ठ नागरिक भत्ता (अन्य) | साउनी रोका | २ | ४९३०३१।३५७ | १२००० |
| 70. | जेष्ठ नागरिक भत्ता (द लत) | रबिसरा कामी | २ | ४९३०३१।३५७ | ८००० |
| 71. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | उदिमा पुन | ५ | ४९३०३३।१ | १२००० |
| 72. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | रतनदे व गुरुङ्ग् | ५ | ४९३०३३।१ | १२००० |
| 73. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | चाउरी पुन | ५ | ४९३०३३।१८० | १२००० |
| 74. | अति अशक्त अपाङ्गता भत्ता | खम बहादुर कामी | ५ | ४९३०३३।१८० | ६४०० |
| 75. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | धन बहादुर व क | ५ | ४९३०३३।२ | १२००० |
| 76. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | सु मत्रा मल्ल | ५ | ४९३०३३।२ | १२००० |
| 77. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | टेक बहादुर दर्जि | ५ | ४९३०३३।२३२ | १२००० |
| 78. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | टेक बहादुुर दर्जी | ५ | ४९३०३३।२३२ | १२००० |
| 79. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | जालदे व फवाङ् ग | ५ | ४९३०३३।२४३ | १२००० |
| 80. | वधवा | जालदे व फवाङ्गी | ५ | ४९३०३३।२४३ | ८००० |
| 81. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | मोति प्रसाद पुर्जा | ५ | ४९३०३३।४३ | १२००० |
| 82. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | सन्ते फगा म | ५ | ४९३०३३।४३ | १२००० |
| 83. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | कुलदे व सउथानी | ५ | ४९३०३३।८८ | १२००० |
| 84. | जेष्ठ नागरिक भत्ता (द लत) | चन्द्रमला का म | ५ | ४९३०३३।८८ | ८००० |
| 85. | जेष्ठ नागरिक भत्ता (द लत) | बेलमति का म | ५ | ४९३०३३-३ | ८००० |
| 86. | जेष्ठ नागरिक एकल महिला | बेलमती - कामी | ५ | ४९३०३३-३ | ८००० |
| 87. | एकल महिला भत्ता | रम्वी पुन मगर | ४ | ५९।५७ | ८००० |
| 88. | बिधवा भत्ता | रम्वि पुन मगर | ४ | ५९।५७ | ८००० |
| 89. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | सता फगा म | ५ | ६१।६४५ | १२००० |
| 90. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | सीता फगा म | ५ | ६१।६४५ | १२००० |
| 91. | जेष्ठ नागरिक भत्ता (द लत) | कुमारि का म | २ | ७९४।६६२ | ८००० |
| 92. | अति अशक्त अपाङ्गता भत्ता | कुमारि कामी | २ | ७९४।६६२ | ६४०० |

| | | | | | |
|---|---|---|---|---|---|
| 93. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | चन्द्रमति पुन | ५ | ८२।१४२ | १२००० |
| 94. | जेष्ठ नागरिक भत्ता(७० बर्ष मा थ) | चन्द्रमती फगामी | ५ | ८२।१४२ | १२००० |
| 95. | जेष्ठ नागरिक भत्ता (अन्य) | जालमति सुनार | ४ | ८४।५९ | १२००० |
| 96. | जेष्ठ नागरिक भत्ता (द लत) | जालमती सुनार | ४ | ८४।५९ | ८००० |
| 97. | अति अशक्त अपाङ्गता भत्ता | बिर वहादुर पुन | ३ | ९७०-२२०० | ६४०० |
| 98. | अति अशक्त अपाङ्गता भत्ता | वर वहादुर पुन | ३ | ९७०-२२०० | ६४०० |
| 99. | जम्मा | | | | ९९४८०० |

२४. **५ बर्ष पुगेको बालबालिका लाई भत्ता वितरणः** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ९ को उपदफा (१) वमोजिम अति विपन्न, लोपोन्मुख र नेपाल सरकारले तोकेका पाँच बर्ष उमेर पुरा नगरेका बालबालिकाले सामाजिक सुरक्षा भत्ताको रुपमा नेपाल सरकारले तोकेको बालपोषण भत्ता पाउने व्यवस्था भएकोमा पालिकाका देहायका ५ बर्ष पुरा भएका वालवालिकालाई ऐन विपरित भत्ता वितरण गरेकोले भत्ता वितरकबाट सो रकम असुल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु... १६००

| वडा नं | बालबालिकाको नाम | जन्म मिति | ५ बर्ष पुग्ने मिति | बढि रकम |
|---|---|---|---|---|
| ४ | दिप्सन वोहरा | २०७१-५-५ | २०७६-५-५ | ८०० |
| ४ | सुकमाया विक | २०७१-५-१३ | २०७१-५-१३ | ८०० |
| जम्मा | | | | १६०० |

२५. **बांकी रकम दाखिला नभएकोः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा १६ मा स्थानीय तहले सामाजिक सुरक्षा कार्यक्रमको रकम वडा कार्यालयमार्फत प्रथम चौमासिकको रकम असोज १ गतेबाट दोस्रो हप्ताभित्र दोस्रो चौमासिक माघ १ गतेबाट दोस्रो हप्ताभित्र र तेस्रो चौमासिक जेठ १ गतेबाट दोस्रो हप्ताभित्र वितरण गर्नुपर्नेमा पालिकामा दोस्रो किस्ता वापत दलित वालपोषण भत्ता वितरणका लागि देहायका कर्मचारीहरुले पेश्की लिएकोमा पेश्की रकम भन्दा कम रकमको पेश्की फछ्र्यौट गरेको देखिन्छ।वितरण गरेपश्चातको बांकी रकम रु.४४०० फिर्ता गरी बैङक दाखिला गर्नुपर्नेमा गरेको पाइएन।वितरकबाट वितरण गरेर बाँकी रहेको उक्त रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु-- ४४००

| वडा नम्बर | पेश्की लिनेको नाम | पेश्की रकम | फछ्र्यौट रकम | नपुग रकम |
|---|---|---|---|---|
| ४ | धर्मकान्त पौडेल | २७१२०० | २६९६०० | १६०० |
| ६ | सोम बहादुर केसी | १८०००० | १७७६०० | २४०० |
| ७ | नविन पुन | १०२८०० | १०२४०० | ४०० |

सामाजिक सुरक्षा भत्ता वितरणका लागी तेस्रो चौमासिकमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट मिति २०७७।३।३१ मा निकासा स्विकृत भइ रु.२३२३६२०० रकम पालिकाको खातामा प्राप्त भएको पाइयो ।सामाजिक सुरक्षा भत्ता वितरणका लागी ७ वटा वडा सचिवलाइ रु.१६२६४००।००,गरिमा विकास बैंकलाइ रु.१२४४१८००।०० तथा प्रभु बैंकलाइ रु.९१६८०००।०० पेश्की दिइएको श्रेस्ता परिक्षणमा देखिन्छ ।वडा सचिवले लिएको पेश्की २०७७।४।३०,प्रभु बैंकले लिएको पेश्की २०७७।६।१४ तथा गरिमा बैंक ले लिएको पेश्की २०७७।६।१५ को मितिमा मा फछ्र्यौट भएको विवरण प्राप्त भएको छ । आ.व २०७६।०७७ को उक्त पेश्की रकम आ.व २०७७।०७८ को गोश्वारा भौचर नम्बर २ बाट रु.२३२३६२०० पेश्की फछ्र्यौट भएको श्रेस्ता परिक्षणबाट देखिन्छ ।

**समानीकरण चालुः**

२६. **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले यो वर्ष खाना तथा विविधमा रु २८ लाख ८७ हजार खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

२७. **आर्थिक सहायताः** सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक सहायता प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ । साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको विपद व्यवस्थापन तर्फको लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा रु ५६००००।०० आर्थिक सहायता वितरण गरेको देखियो।आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधि तयार नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्था देखियो । पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन । उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ । पालिकावाट चालु आ. व. मा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता यस प्रकार छन्

| भौ.न।मिति | आर्थिक सहायता प्रदान गरिएको व्यक्ति तथा सस्थाको नाम | सहायता रकम |
|---|---|---|
| ८४/२०७६/०९/२३ | सोम वहादुर घर्ति मगर | १५००० |
| १०१/२०७६/१०/१९ | नन्दराज कामी | १५००० |
| १०२/२०७६/१०/२० | दिलमान वुढा | २०००० |
| १०६/२०७६/१०/२० | ओमप्रकास विक | २०००० |
| ११०/२०७६/१०/२१ | हरिमाया निउरे | १००००० |
| १२०/२०७६/११/०४ | जनिमा रसाईलि | १०००० |
| १४०/२०७६/११/१६ | मन कुमारी गोतामे | २०००० |
| १५२/२०७६/११/२० | मनिषा गुरुङ | २०००० |
| २२७/२०७७/०२/२८ | नैना सुनार | २०००० |
| २३८/२०७७/०३/०३ | शशिकला घताने | २०००० |
| ३७२/२०७७/०३/३१ | रमेश थापा भरत वहादुर थापा | ३००००० |
| | जम्मा | ५६०००० |

यसरी विभिन्न व्यक्ति तथा संस्थालाई सहायता प्रदान गर्दा निश्चित मापदण्ड एंव कार्यविधि बनाई सोका आधारमा मात्र प्रदान गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२८. **अनुत्पादक तथा वितरणमुखी खर्चः** स्थानीय शासन सञ्चालन ऐन २०७४ को दफा ७३(६)मा स्वीकृत वजेट खर्च गर्दा मितव्ययीता र प्रभावकारीता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ।पालिकाले सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा केही भौचरहरुको परीक्षण गर्दा देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.१५ लाख ८१ हजार खर्च गरेको देखिन्छ।पालिकाले यस्ता किसिमका खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| गो भौ न र मिति | कार्यक्रम तथा भुक्तानी पाउने संस्थाको नाम | रकम |
|---|---|---|
| ९७/२०७६/१०/१५ | न्यु दरवाङ महिला वचत तथा ऋण सहकारी सस्था लि तिज गित प्रतियोगिता खर्च | ४००००० |
| २३३/२०७७/०२/२९ | म्याग्देली विद्यार्थी परिवार कार्यक्रम खर्च | २५००० |
| ३८१/२०७७/०३/३१ | संयुक्त दलित संघर्ष समिती | ११५६६०२ |
| | जम्मा | १५८१६०२ |

<table>
<tr><td>२९.</td><td>पारिश्रमिक कर: आयकर ऐन,२०५८ को दफा ८ मा रोजगरावाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायत अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदातावाट कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयका निम्नानुसारका कर्मचारीहरुको वार्षिक पारिश्रमिक भुक्तानीमा कम कर कट्टी गरेको देखिएकोले नपुग कर असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु=---
<table>
<tr><td>पद नाम थर</td><td>वार्षिक आय</td><td>कट्टी रकम</td><td>करयोग्य आय</td><td>तिर्नुपर्ने कर</td><td>तिरेको कर</td><td>नपुग कर</td></tr>
<tr><td>सोम वहादुर के सी</td><td>६१५३७८</td><td>१०९२५६</td><td>५०६१२२</td><td>१०११२</td><td>५०६१</td><td>५०५१</td></tr>
</table></td><td>५०५१</td></tr>
<tr><td>३०.</td><td>सट्टा शिक्षकको तलव भत्ता: अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ।पालिकाले रघुगंगा गाउँपालिकाको महेन्द्र मा वि का स्थायी दरवन्दीका शिक्षक तेज प्रसाद लामिछानेलाई कार्यपालिकावाट निर्णय गरी मालिका गाउँपालिकामा कामकाज गर्ने गरी खटाई निजको सट्टामा महेन्द्र मा वि मा सट्टा शिक्षक नियुक्ति गरी पालिकावाट मासिक रु३५९९०।०० का दरले चाडपर्व खर्च समेत रु ४६७८७० खर्च लेखेको छ।यसरी फरक पालिकावाट तलव सुविधा लिने, तोकिएवमोजिमको योग्यता र छनौट प्रक्रियावाट नियुक्त छुट्टै निकायको दरवन्दीमा कार्यरत व्यक्तिलाई पालिकामा कामकाज गर्न खटाई निजको सट्टा फरक व्यक्तिलाई नियुक्ति गरी तलव भत्ता वापत खर्च लेखिएको रकम नियमसम्मत नदेखिएको रु</td><td>४६७८७०</td></tr>
<tr><td>३१.</td><td>खर्चको विल भर्पाई नभएको: २९।२०७७।०७।२६आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६(३) अनुसार सार्वजनिक निकायले लेखा राख्दा खर्चलाई प्रमाणित गर्ने विल भरापाई सहित लेखा राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाका प्रमुख प्रशासकिय अधिकृत सुर्यलाल विश्वकर्मा सरुवा भई रोल्पा थवाङदेखि गाउँपालिकाको केन्द्रसम्मको पारिवारीक भ्रमण खर्च वापत रु७४०००।०० खर्च लेखेकोमा यातायात खर्चवापत रु ४८०००।०० खर्च भुक्तानी भएकोले यातायात खर्चको विल भरपाई पेश गर्नुपर्ने अन्यथा सरकारी भाडादर अनुसार लाग्ने यातायात खर्च कटाई वाँकी रकम असूल गर्नुपर्ने रु</td><td>४८०००</td></tr>
<tr><td>३२.</td><td>अन्य कार्यालयको खर्च: स्थानीय तहले खर्च गर्दा मितव्ययी तवरले खर्च गर्नुपर्दछ पालिकाले भौ नं ४८, ६४, २५५ वाट इलाका प्रहरी कार्यालय दरवाङ्गको पिक अप जिप मर्मत गाडीभाडा र सामाग्री खरिद वापतको विल समावेश गरी रु ९८०५०।०० खर्च लेखेको छ।गाँउपालिकाको आफ्नो सम्वन्धित कार्यलय वाहेकका अन्य कार्यालयको कार्यक्रम खर्च तथा मर्मत सम्भार गर्न सोही कार्यालयवाट वजेट व्यवस्था हुने र सोही कार्यालयवाट नियमानुसार खर्च गर्ने भएकोले पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>३३.</td><td>परामर्शदाताको प्राविधिक मुल्यांकन नगरी प्रस्ताव स्विकृती र भुक्तानी: १४८।२०७६।११।२० सार्वजनिक खरिद नियमावलीको नियम ७२(१) अनुसार सार्वजनिक निकायले विस लाख रुपैयाभन्दा कम रकमको परामर्श सेवा खरिद गर्नु पर्दा ऐनको दफा ६क वमोजिमको मौजुदा सुचीमा रहेका परामर्शदातावाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने तथा नियम ७२(२) मा प्राविधिक र आर्थिक प्रस्ताव छुट्टा छुट्टै खाममा माग गरी प्रस्ताव मुल्यांकन विधिअनुसार मुल्यांकन गरी छनौट गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले पालिकामा आवश्यक ऐन कार्यविधी  निर्माण गर्न आर्थिक प्रस्तावको आधारमा मात्र मुल्यांकन गरी द ग्रेट हिमालयन रिसर्च एण्ड कन्सल्टेन्ट प्रा लि लाई रु १२४३०००।०० भुक्तानी गरेको छ।साथै लेखापरीक्षणको क्रममा परामर्शदातावाट पेश गरेको प्रतिवेदन माग गर्दा परामर्शदातावाट प्रमाणित प्रतिलिपी नभई कम्प्युटर प्रति मात्र रहेको कार्यालयको भनाई रहेको र सो को जिन्सी दाखिला पनि नगरेको देखिन्छ।यसरी प्राविधिक मुल्यांकन वेगर परामर्शताता छनौट गरी परामर्शदाताको प्रमाणित प्रतिवेदनको जिन्सी दाखिला समेत नगरी खर्च लेखेको रकम अनियमित देखिएको</td><td>१२४३०००</td></tr>
<tr><td>३४.</td><td>स्विकृत प्रस्तावना वेगर कार्यक्रम खर्च भुक्तानी: ८९।२०७६।०९।२५ कार्यालयले कुनै पनि कार्यक्रम खर्चको भुक्तानी दिंदा उक्त कार्यक्रमको स्विकृत प्रस्तावना तथा कार्यक्रम सम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी गर्नुपर्नेमा पालिकामा सञ्चालन भएको योग शिक्षा उपाध्यक्षसंग कार्यक्रम गरी खड्क वहादुर छन्त्याललाई रु २०००००।००</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>भुक्तानी भएकोमा उक्त कार्यक्रमको स्विकृत प्रस्तावना तथा कार्यक्रम सम्पन्न सम्वन्धी प्रतिवेदन लेखापरीक्षणको क्रममा पेश नभएकोले अनियमित देखिएको रु</td><td>२०००००</td></tr>
<tr><td>३५.</td><td>गाडी भाडामा वढी भुक्तानीः १०४/२०७६/१२/०४पालिकाका विभिन्न कर्मचारी तथा पदाधिकारीले पृथ वहादुर जुग्जालीको ६९२१ नम्वरको गाडी दैनिक रु६५००।०० का दरले ५ दिन प्रयोग भएको भनी रु३२५००।०० भुक्तानी गरेकोमा ४ दिन मात्र गाडी प्रयोग भएको देखिएकोले एक दिनको वढी भुक्तानी भएको रकम रु ६५०० मा दश प्रतिशत करकट्टी गरी वाँकी रहन आउने रकम रु५८५० असूल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु</td><td>५८५०</td></tr>
<tr><td>३६.</td><td>ढुवानी खर्च वढी भुक्तानीः करार सम्झौताको पालना गर्नु करारीय पक्षको दायित्व हुने गर्दछ।पालिकाले वाल शिक्षा शैक्षिक सामाग्री खरिद तथा पालिकासम्म ढुवानी गर्न मिति २०७६।११।१२ गते पाण्डे एजुकेशनल गुड्स सप्लार्यस प्रा लि संग सम्झौता गरी भौ नं १२९।२०७६।११।१३ वाट सम्झौताअनुसारको रकम रु३९९९६३ भुक्तानी गरेकोमा भौ नं १२८।२०७६।११।१२ वाट गाडी भाडा भनी पुन रु२००००।०० भुक्तानी दिइएको पाईयो।यसरी खरिद तथा पालिकासम्म ढुवानी गर्ने एकमुष्ट सम्झौता भएकोमा ढुवानी वापत छुट्टै भुक्तानी दिएको रकम सम्वन्धितवाट असूल गर्नुपर्ने रु</td><td>२००००</td></tr>
<tr><td>३७.</td><td>विद्यालय अनुदानः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ।पालिकाले भौ नं १३३।२०७६।११।१३ वाट विद्यालयमा शैक्षिक गुणस्तर सुधार अनुदान भनी पालिकाभित्र सञ्चालनमा रहेको १७ विद्यालयलाई रु ४० लाख तथा भौ नं २३६।२०७७।०३।०१ वाट किसानी मा वि का २१ जना विद्यार्थीलाई छात्रवृती भनी रु५५००००।०० गरी जम्मा रु४५५००००।०० निकासा दिइएको देखिन्छ।विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यन्वयन पुस्तिका २०७६।७७ अनुसार विद्यालयका लागि छात्रवृती तथा अन्य आवश्यक रकम शसर्त अनुदानवाट प्राप्त हुने तथा पालिकाले विल भरपाई वेगर अनुदान दिने कानुनी व्यवस्था समेत नभएकोले यस्तो अनुदान दिने प्रवृतिमा नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>३८.</td><td>एउटै माइन्युट प्रयोग गरी वैठक भत्ता भुक्तानीः पालिकाले वैठक भत्ता भुक्तानी गर्दा एउटा वैठकको एक पटक मात्र भत्ता उपलव्ध गराउनुपर्नेमा देहायका कर्मचारी तथा पदाधिकारीलाई विभिन्न मितिको एकमुष्ठ वैठक भत्ता भुक्तानी गर्दा एउटै मितिको माइन्युट राखी दोहोरो वैठक भत्ता भुक्तानी गरेको देखिन्छ। यसरी एकै मितिको माइन्युट प्रयोग गरी एक पटकको वैठक भत्ता भन्दा वढी भुक्तानी भएको वैठक भत्ता रकम सम्वन्धितवाट असूल गर्नुपर्ने रु
<table>
<tr><th>गो भौ नं मिति</th><th>वैठकको मिती</th><th>सहभागी पदाधिकारी तथा कर्मचारी</th><th>दोहोरीएको माइन्युट संख्या</th><th>भुक्तानी रकम</th><th>करकट्टी पछिको भुक्तानी</th></tr>
<tr><td rowspan="8">२१२/२०७७/०२/१८<br>२९२/२०७७/०३/३१</td><td rowspan="8">२०७६/०५/०१<br>२०७६/०५/३१<br>२०७६/०४/१५<br>२०७६/०४/१४</td><td>खरमाया विटालु</td><td>५</td><td>५०००</td><td>४२५०</td></tr>
<tr><td>दोरण शेरचन</td><td>५</td><td>५०००</td><td>४२५०</td></tr>
<tr><td>भिम पुन</td><td>४</td><td>४०००</td><td>३४००</td></tr>
<tr><td>सोम व के सि</td><td>१</td><td>१०००</td><td>८५०</td></tr>
<tr><td>कमला कुमारी शर्मा</td><td>५</td><td>५०००</td><td>४२५०</td></tr>
<tr><td>खसिला गुरुङ</td><td>४</td><td>४०००</td><td>३४००</td></tr>
<tr><td>सावित्री गर्वुजा पुन</td><td>२</td><td>२०००</td><td>१७००</td></tr>
<tr><td>लिलाधर गैरे</td><td>३</td><td>३०००</td><td>२५५०</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>२९०००</td><td>२४६५०</td></tr>
</table></td><td>२४६५०</td></tr>
<tr><td>३९.</td><td>ढोकाको अंश नघटाई भुक्तानीः २१४।२०७७।०२।१९ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद संझौता अनुसार सार्वजनिक निकायले बील वा बिजकको भुक्तानी गर्दा शर्त बमोजिम प्राविधिक नाँप जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा पालिकाले कोट मन्दिर व्यवस्थापन उपभोक्ता समितीलाई मन्दिर व्यवस्थापन वापत रु ८०००००।०० भुक्तानी गरेकोमा सिमेन्ट मसलाको गाह्रो लगाउने काम १:४ मा प्रतिघनमिटर रु८५८२।०० का दरले १७.८२ घ मि को भुक्तानी गरेकोमा ढोकाको अंश १.४५८ घ मि नघटाई भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम सम्वन्धित उपभोक्ता समितीवाट असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु</td><td>१२५१३</td></tr>
</table>

४०. **रितपुर्वकको कर विजकः ३५७।२०७७।०३।३०** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले दरवाङ वजार ढल निर्माणको लागी विस्तृत परियोजना प्रतिवेदन तयार गरेको भनी ग्रुप फर सिभिल एण्ड आर्किटेक्चर सर्भिस प्रा लि लाई रु४९००००।०० भुक्तानी गरेकोमा उक्त रकमको फोटोकपी विल संलग्न गरी भुक्तानी गरेकोले सक्कल विल पेश गर्नुपर्ने अन्यथा सक्कल विजक वेगर भुक्तानी भएको मु अ कर रकम असुल गर्नुपर्ने रु ५६३७१

**वित्तीय समानीकरण पूँजीगतः**

४१. **कर विजकः** मुल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १४ अनुसार कुनै वस्तु वा सेवा आपुर्ति गर्दा तोकिएको ढाँचामा सिलसिलेवार नम्वर राखी कर विजक जारी गर्नुपर्ने व्यवस्था रहेको छ ।उपभोक्ता समितिले पेश गरेको विल भर्पाइमा देहायका फर्महरुको मुल्य अभिवृद्धि कर विजक पेश भएकोमा कर विजक नम्वर हातले लेखेको ,विजकमा विजक नम्वर नै उल्लेख नभएको विल समावेस भएको देखिएकोले आन्तरिक राजस्व कार्यालयवाट मुल्य अभिवृद्ध कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने अन्यथा भुक्तानी भएको मुल्य अभिवृद्ध कर रकम असुल गर्नुपर्ने रु. .... १७६३८२०

| गो भौ नं मिती | फर्मको नाम | मु.अ.कर रकम | विजक मिति | मु.अ. कर नम्वर | विजक नम्वर | कैफियत |
|---|---|---|---|---|---|---|
| ५.०७६/९/२२ | ए.जि कन्सट्रक्सन प्रा.लि. | ५५२८२ | - | ६०६५३८८८१ | ०२ | विजक नम्वर हातले लेखेको |
| ४५/०७६/११/२० | ए.जि कन्सट्रक्सन प्रा.लि. | २०३८४३ | - | ६०६५३८८८१ | ००५ | विजक नम्वर हातले लेखेको |
| ५०/०७६/११/२२ | ए.जि कन्सट्रक्सन प्रा.लि. | ६८३५६ | - | ६०६५३८८८१ | ००७ | विजक नम्वर हातले लेखेको |
| ८६/०७७/२/८ | ए.जि कन्सट्रक्सन प्रा.लि. | १०४२२८ | - | ६०६५३८८८१ | ०८ | विजक नम्वर हातले लेखेको |
| ६६/०७७/१/२२ | दुर्लेख कन्सट्रक्सन प्रा.लि. | ४१६८२५ | - | ६०९७००३७६ | - | विजक नम्वर उल्लेख नभएको |
| १०९/०७७/२/२७ | दुर्लेख कन्सट्रक्सन प्रा.लि. | ७९६४४ | - | ६०९७००३७६ | - | विजक नम्वर उल्लेख नभएको |
| ११९/०७७/२/२७ | दुर्लेख कन्सट्रक्सन प्रा.लि. | ७६६६५ | ०७६/११/२८ | ६०९७००३७६ | - | विजक नम्वर उल्लेख नभएको |
| १२१/०७७/२/२७ | दुर्लेख कन्सट्रक्सन प्रा.लि. | ८६४८७ | ०७६/१२/१३ | ६०९७००३७६ | - | विजक नम्वर उल्लेख नभएको |
| १४७/०७७/३/११ | दुर्लेख कन्सट्रक्सन प्रा.लि. | ४९४३४ | ०७७/३/९ | ६०९७००३७६ | - | विजक नम्वर उल्लेख नभएको |
| १६१/०७७/३/२४ | दुर्लेख कन्सट्रक्सन प्रा.लि. | ६१७०८ | ०७७/३/११ | ६०९७००३७६ | - | विजक नम्वर उल्लेख नभएको |
| १६३/०७७/३/१५ | दुर्लेख कन्सट्रक्सन प्रा.लि. | १६०८८९ | ०७७/३/८ | ६०९७००३७६ | - | विजक नम्वर उल्लेख नभएको |
| १७५/०७७/३/१७ | दुर्लेख कन्सट्रक्सन प्रा.लि. | ६१७४१ | ०७७/३/१४ | ६०९७००३७६ | - | विजक नम्वर उल्लेख नभएको |
| १७९/०७७/३/१८ | दुर्लेख कन्सट्रक्सन प्रा.लि. | ३०८४० | ०७७/३/१२ | ६०९७००३७६ | - | विजक नम्वर उल्लेख नभएको |
| १८१/०७७/३/१८ | दुर्लेख कन्सट्रक्सन प्रा.लि. | १७२६० | ०७७/३/१२ | ६०९७००३७६ | - | विजक नम्वर उल्लेख नभएको |
| २२१/०७७/३/२५ | दुर्लेख कन्सट्रक्सन प्रा.लि. | १७६०६३ | ०७७/३/१४ | ६०९७००३७६ | - | विजक नम्वर उल्लेख नभएको |
| २४१/ | दुर्लेख कन्सट्रक्सन प्रा.लि. | ३४१७० | ०७७/३/११ | ६०९७००३७६ | - | विजक नम्वर उल्लेख नभएको |
| २४४/०७६/३/२६ | दुर्लेख कन्सट्रक्सन प्रा.लि. | ८०३८५ | ०७७/३/१५ | ६०९७००३७६ | - | विजक नम्वर उल्लेख नभएको |
| | **जम्मा** | १७६३८२० | | | | |

४२. **रेट नेगोशियसन वेगर भेरियसनः** सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमुना वोलपत्र सम्वन्धी कागजातमा कुनै आइटममा २५ प्रतिशत भन्दा वढी भेरिएसन गर्नुपरेमा रेट नेगोशियसन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न खरिद सम्झौतामा आइटम भन्दा २५ प्रतिसत भन्दा वढी भेरिएसन भएपनि भेरिएशन आदेश जारी गरेको पाईएन ।

| योजनाको नाम | कामको विवरण | ईकाइ | सम्झौता अनुसार | | कार्यसम्पन्न | | सम्झौता भन्दा घटी वढी परिमाण | रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर | परिमाण | दर | | |
| फूलवारी महभिर हुँदै च्युरीवाट वडा कार्यालय सम्म सडक | नरम माटो खन्ने कार्य | घन मटर | २२५१२ | ८४.७५ | २९२० | ८४.७५ | १९५९२ | (१६६०४२२ ) |
| | कडा माटो खन्ने काम | घन मटर | १११२ | ६२१.५० | २३३५ | ६२१.५० | १२२३ | ७६००९४ |
| दिच्याम दुखु जोडने | नरम माटो खन्ने | घन मटर | १६८३० | ८४.७५ | ६५७३ | ८४.७५ | १०२५७ | (८६९२८०) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सडक | काम | | | | | | | |
| | कडा माटो खन्ने काम | घन मटर | ११७३० | ९०.४० | १८०१३ | ९०.४० | ६२८३ | (५६७९८३) |
| | नरम चट्टान | घन मटर | १२७.५ | २९३.८० | १४५० | २९३.८० | १३२२.५ | ३८८५५० |
| महाभिर सडक निर्माण ओखरवोट | नरम माटो खन्ने काम | घन मटर | ० | ० | ३७६९ | ८४.७५ | ३७६९. | ३१९४५६ |
| | कडा माटो खन्ने काम | घन मटर | १६५१५ | ९०.४० | ४४५७ | ९०.४० | १२०५८ | (१०९००४३) |
| | नरम | घन मटर | ० | ० | १९१ | २९३.८० | २९३.८० | ५६१९८ |
| | मध्यम चट्टान खन्ने काम | घन मटर | ० | ० | ११७९ | ६२१.५० | ११७९ | ७३२८१३ |
| औल वेली देखी वडा कार्यालय मोटर वाटो | कडा माटो खन्ने काम | | १५९९७ | ९०.४० | २९४१० | ९०.४० | १३४१३ | १२१२५३५ |
| | नरम चट्टान काटने काम | | ९९७ | २९३.८० | २०६१ | २९३.८० | ११२४ | ३३०२३१ |
| | मध्यम चट्टान काटने काम | | १००५ | ६२१.५० | ७०० | ६२१.५० | ३०५ | (१८९५५७) |
| | कडा चट्टान काटने काम | | ८६४ | १५३१.५० | १४८ | १५३१.१५ | ७१६ | (१०९६३०३) |

४३. **कृषिमा अनुदानः** सरकारी अनुदान रकम वितरण ,सहयोग सही एवम समुचित तरिकाले गरी खर्चको सार्वजनिक करण एवम अनुमोदन हुनु पर्दछ र सो को प्रभावकारी मापन गर्ने संयन्त्र विकास गरी उत्पादन एवम उत्पादकत्व वृद्धि आय नआएको सम्वन्धमा प्रतिवेदन वनाउनु पर्दछ ।साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामित्व हेरी मात्र वितरण गर्नु पर्दछ । यस वर्ष संचालित कार्यक्रमहरु देहाय वमोजिम रहेका छन् ।

| गो. भा. न./ मति | विवरण | अनुदान खर्च रकम |
|---|---|---|
| २७/०७६/१०/२८ | किवि विरुवा वितरण | ४५०००० |
| ३३/०७६/११/५ | किवि विरुवा र प्लाष्टिक टनेलल | २०६००० |
| ९५/०७७/२/१५ | कुखुराको चल्ला वितरण | १०९२०० |
| १०५/०७७/२/२० | सिमी ,भटमास, गोल्भेडा टनेल खेती | ३००००० |
| | टिमुर खेती विस्तार | १००००० |
| | सिमि, भट्ट खेती | २००००० |
| ११८/०७७/३/२८ | अलैंची खेतीको लागि विउ वितरण | ११०००० |
| २४७/०७७/३/२६ | प्लाष्टिक टनेल र गोल्भेडा खेती | २४८००० |
| १५६/०७७/३/२४ | थ्रेसार मेसिन खरिद | ३२९००० |
| १८९/०७७/३/२१ | विभिन्न जातका विउ वितरण | १००००० |
| १९०/०७७/३/२१ | प्लाष्टिक टनेल वितरण | १००००० |
| १९२/०७७/३/२२ | घाँस काटने मेसिन खरिद | ५०००० |
| ३०५/०७७/३/२४ | एभोकाडो विरुवा खरिद तथा वितरण चालु तर्फ | १७४७५०० |
| ३१०/०७७/३/२६ | सुन कागती खरिद तथा वितरण चालु तर्फ | २००००० |
| १९४/०७७/३/१२ | टिम्मुर खेती र सुन्तला खेती | ३५०००० |
| १९५/०७७/३/२२ | कागती विरुवा खरिद तथा वितरण | ४००००० |
| १९६/०७७/३/२२ | सुन्तलाको विरुवा खरिद तथा वितरण | १६६५०० |
| १९७/०७७/३/२२ | वोईलर चल्ला खरिद तथा वितरण | २२३००० |
| १९८/०७७/३/२३ | थ्रेसर मेसिन खरिद | २४९५४६ |
| १९८/०७७/३/२३ | एभाकाडो खेतिको लागि नर्सरी हाउस निर्माण | ७४३५०० |

| | | |
|---|---|---|
| | <table><tr><td>२६५/०७७/३/३१</td><td>सतुवाको विउ खरिद तथा वितरण</td><td>८९९३६५</td></tr><tr><td>२१०/०७७/३/२४</td><td>किवि खेती विस्तारका लागि संरचना निर्माण</td><td>६३५०००</td></tr><tr><td></td><td>जम्मा</td><td>७९१६६११</td></tr></table> **यस सम्वन्धमा देखिएको व्यहोरा निम्न छन्।** | |
| ४३.१. | अनुदानको सही सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदानवाट प्राप्त लाभको विष्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत विद्धि नगर्ने हुँदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो ( संघ,प्रदेश,स्थानीय तह ) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । | |
| ४३.२. | कृषी तथा पशुपालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम संचालन गर्दै आएको छ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गराउने तर्फ पालिकाले ध्यान नदिई अनुदानका कार्यक्रम मात्र संचालन गरेको देखियो । एक सरकारले ल्याएका नीतिलाई अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम संचालन गर्नु पर्दछ । | |
| ४३.३. | अनुदानमा ठूलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भई अनुदानको सही सदुपयोग भयो भन्न सक्ने अवस्था छैन । | |
| ४३.४. | माथी उल्लेखित विउ, वेर्ना, मेसिन खरिद तथा वितरणमा कृषकको लागत सहभागिता नभई १०० प्रतिसत नै पालिकावाट अनुदान खर्च लेखेको देखिएकोले कृषि तथा अनुदान वितरणमा कृषकको लागत सहभागिता गराई कृषि प्रति अपनत्व सृजना गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुपर्ने देखिन्छ । | |
| ४४. | **कम कर कट्टी गरेकोः ५५।०७६।१२।०४** आयकर ऐन,२०५८ अनुसार भाडाम १० प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ । ठाडाखोला नियन्त्रण तथा फोहरपानी व्यवस्थापनको कार्यवापत ढूवानी भाडा वापत रु. ८००००।०० खर्च लेखेकोमा रु.१६००।०० मात्र कर कट्टा गरेको देखिएकोले नपुग कर रु.६४००।०० असुल गरी कर दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु....... | ६४०० |
| ४५. | **विल भर्पाइ भन्दा वढी खर्चः**३।०७६।९।२१ स्वीकृत वार्षिक कार्यक्रम अनुसार पालिकाको वडा नम्वर ६ दरवाङमा आलु खेति विस्तारका लागि ५० प्रतिशत अनुदानमा कार्यपालिकावाट रु. २ लाख खर्च लेखेकोमा आलुको विउ ६४१६ के.जी. रु.३८४९६०।०० मा खरिद गरेकोमा वितरण गरेको भर्पाइ पेश भएकोले वितरण भएको नदेखिएको २०० के.जी.को रु.६०।०० का दरले हुने रु.१२०००।०० मा ५० प्रतिशत अनुदान कट्टा गरी अशुल गर्नुपर्ने रु....... | ६००० |
| ४६. | **मालिका गाँउपालका खेल मैदान निर्माणः** मालिका गाँउपालिका वडा नम्वार ६ छेरछेरमा मालिका गाँउपालिका खेल मैदान निर्माण कार्यको लागि कन्टिन्जेन्सी रु.६००००।०० वाहेको पालिकावाट रु. १४४००००।०० र प्रदेश अनुदानवाट रु १५०००००।०० र उपभोक्ता समितिको योगादान रु २९७२२४।०० समेत रु ३२३७२२४।०० को लागत अनुमान स्वीकृत भई २०७६।३।२५ मा सम्पन्न गर्ने गरी २०७६।१।३० मा सम्झौता गरेको देखियो । उक्त कार्यको रु १६७८२२०।०० को कार्यसम्पन्न प्रतिवेदन र नापी किताव अनुसार रु १६७८२२०।८६ को कार्य भएको आधारमा गोश्वारा भौचर नम्वर २६४।०७७।३।३० मा रु १४०७७१६।०० खर्च लेखेकोमा फाईल परीक्षणवाट देखिएका व्यहोरा निम्नानुसार रहेका छन्। | |
| ४६.१. | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को ३ उपनियम २ वमोजिमको प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्वन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यक्ता अनुसार छलफल वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्वन्धमा खरिद सम्झौता गर्नुपर्ने उल्लेख छ । उक्त खेल | |

| | | |
|---|---|---|
| | मैदान निर्माण कार्यको लागि लागत अनुमान स्विकृती गरी ०७६।३।२५ मा सम्पन्न गर्ने गरी २०७६।१।३० मा सम्झौता गरेकोमा सम्झौतामा कार्यालयको तर्फवाट कार्यालय प्रमुखको दस्तखत भएको देखिएन।यसरी प्रमाणित सम्झौता वेगर भुक्तनी दिएको रकम रु.१४०७७१६।०० नियम सम्मत नदेखिएको रु...... | १४०७७१६ |
| ४६.२. | सार्वजनिक खरिद नियमावलीको नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यावसायी वा सव कन्ट्राक्टरवाट गराउन नहुने उल्लेख छ । यस खेल मैदान निर्माणको कार्यको लागि उपभोक्ता समितिसँग सँग सम्झौता भएकोमा उपभोक्ता समितिले आफैले कार्य नगरी कोटेसन माग गरी एस.वि अधकारी कन्सट्क्सन प्रा. लि. सँग कार्य गराएको देखिएकोले नियमसम्मत देखिएन | |
| ४६.३. | नियमावलीको नियम ९७ को उपनियम १३(क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यावसायीलाई सँलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्त समिति वा लाभग्राही समुदाय सँग भएको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यावसायीलाई कालो सुचीमा राख्न सार्वजनिक अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्नेमा उपभोक्ता सिमितिले आफैले गर्नुपर्ने काम निर्माण व्यावसायीवाट गराएकोमा सो अनुसार सार्वजनिक अनुगमन कार्यालयमा सिफारिस गरेको छैन । | |
| ४६.४. | आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम ७ अनुसार चालु वर्षको वजेटले नखाम्ने गरी वढी खर्च हुने गरी दायित्व सृजना गर्नु हुँदैन ।तर विशेष कारण एवम परिस्थितिवस उपनियम ८ मा उल्लेखित खर्च शिर्षकहरुमा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नु पर्ने भएमा विल भर्पाई वमोजिमको रकम आगामी वर्षमा दिनुपर्ने कारण खोली महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन वाँकीको कच्चावारीमा चढाई श्रावण १५ गते भित्र कार्यालय प्रमुखवाट वाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ ।पालिकाले गत वर्षनै सम्पन्न भएको विभिन्न कारणवस भुक्तानी हुन नसकेकोले कार्यसम्पन्न भएको भनि निर्णय गरी यस आर्थिक वर्षमा भुक्तानी दिएकोमा भुक्तानी दिन वाँकीको कच्चावरी प्रमाणित वेगर भुक्तानी दिएको नियम सम्मत देखिएन । | |
| ४७. | **विल भन्दा वढीको मुल्याङकन भई भुक्तानीः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम९७ को उपनियम ६ मा उपभोक्ता समितिवाट भएको विल भर्पाई अनुमोदन गराई सार्वजनिक निकायमा पेस गर्नुपर्ने व्यवस्था छ।पालिकाले भुक्तानी गरेका देहायवमोजिमका आयोजनामा विल रकमभन्दा वढी मुल्यांकन गरी भुक्तानी गरेकोले वढी भुक्तानी भएको सम्वन्धित उपभोक्ता समितीवाट असूल गर्नुपर्ने देखिन्छ। | |
| ४७.१. | १२।०७६।९।२३ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम९७ को उपनियम ६ मा उपभोक्ता समितिवाट भएको विल भर्पाई अनुमोदन गराई सार्वजनिक निकायमा पेस गर्नुपर्ने व्यवस्था छ ।किसानी मा.वि.कृषि शिक्षालय भवन पुर्वाधार विकास योजना विधालय निर्माण उपभोक्ता समिति कार्यसम्पन्न प्रतिवेदनको आधारमा रु.१४७५०४३.०० खर्च लेखेकोमा नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदनमा झ्यालमा ग्रिल हाल्ने कार्यको लागि ८६४ के.जी. फलाम जन्य सामाग्रीको रु. १५०।२९ का दरले मुल्याङकन भई रु.१२९८५०।५६ भुक्तानी भएकोमा उपभोक्ता समितिले पेश गरेको विलभर्पाइ अनुसार ६६८ के.जी.को मात्र विल पेश भएकोले घटि विल पेश भएको १९६ के.जी.को मुल्य अभिवृद्धि कर समेत रु.१५०।२९ का दरले वढी मुल्याङकन भई भुक्तानी भएको ले असुल गर्नुपर्ने रु........ | २९४५६ |
| ४७.२. | १४।०७६।९।१४ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम९७ को उपनियम ६ मा उपभोक्ता समितिवाट भएको विल भर्पाई अनुमोदन गराई सार्वजनिक निकायमा पेस गर्नुपर्ने व्यवस्था छ।भगवती आधारभुत विधालय मर्मत मालिक ६ के रु.२६७३३४।०० को कार्यसम्पन्न प्रतिवेदन पेश भएको आधारमा रु.२५००००।०० खर्च लेखेकोमा opc सिमेन्ट ७२ वोराको मुल्य अभिवृद्धि कर समेत रु.१०३९।६० का दरले मुल्याङ्कन भई भुक्तानी भएकोमा उपभोक्ता समितिले पेश गरेको विलमा ६२ वोरा मात्र सिमेन्ट खरिद गरेको देखिएकोले वढी मुल्याङकन भएको १० वोराको रु.१०३९।६० का दरले हुने रु.१०३९६।०० उपभोक्ता समिको अंश ९.७१ प्रतिशतले हुने | ९३८७ |

| | | |
|---|---|---|
| | रु. १००९।०० कट्टा गरी असुल गर्नुपर्ने रु..... | |
| ४७.३. | ४५।०७६।११।२० खारा विम सडक स्तरोन्नती कार्य को लागि रु.३० लाख खर्च लेखेकोमा pcc 1;4 को कार्यको लागि सार्वजनिक खरिद नियमावली,२०६४ को नियम९७ को उपनियम ६ मा उपभोक्ता समितिवाट भएको विल भर्पाई अनुमोदन गराई सार्वजनिक निकायमा पेस गर्नुपर्ने व्यवस्था छ । ८७.८८ घ.मी. को लागि प्रति घ.मी. रु.११६ के.जी.का दरले २०३ वोरा सिमेन्टको प्रति वोरा मुल्य अभिवृद्धि कर समेत रु.१०३९।६० का दरले मुल्याङकन भई रु. २११८३८।०० भुक्तानी भएकोमा उपभोक्ता समितिले पेश गरेको विल भर्पाई अनुसार १७३ वोरा सिमेन्ट मात्र खरिद गरेको देखिएकोले खरिद भएको नदेखिएको ३० वोरा सिमेन्टको मुल्य अभिवृद्धि कर समेत रु.१०३९।६० का दरले रु.३११८८।०० वढी मुल्याङ्कन भई भुक्तानी भएकोले वनसहभागितको अंश रु.२८४७।०० कट्टा गरि असुल गर्नुपर्ने रु........ | २८३४१ |
| ४७.४. | ४९।२०७६।११।२२ विम डाँडा गाँउ ढल निकास उपभोक्ता समितिलाई रु.६१९६०९।६४ को कार्यसम्पन्न प्रतिवेदनको आधारमा रु.५६७००८।०० खर्च लेखेकोमा १२ mm को रड ४३१ के.जी.को दर विष्लेषण अनुसार प्रति के.जी.रु.१२७।०० ले मुल्याङकन हुनुपर्नेमा रु.१४२।७९ ले मुल्याङकन भइ भुक्तानी भएकोले वढी मुल्याङकन भई भुक्तानी भएको असुल गर्नुपर्ने रु.. | ६८११ |
| ४७.५. | ५०।२०७६।११।२२ विम तल्लो गाँउ डाँडा गाँउ सिमवोट सडक निर्माण उपभोक्ता सिमितिलाई रु.७५५५०३।०० को कार्यसम्पन्न प्रतिवेदनको आधारमा रु.७०००००।०० खर्च लेखेकोमा १२ एम एम रड २५५ के.जी. को प्रति के. जी. रु. १४२।७९ को दरले मुल्याङकन भई रु.३६४११।०० भुक्तानी भएकोमा उपभोक्ताले पेश गरेको विलभर्पाइ अनुसार १५९ के.जी. को मात्र विल पेश भएकोले दर विष्लेषण अनुसार प्रति के.जी.रु.१२७।०० का दरले रु.२०१९३।०० भुक्तानी हुनुपर्नेमा वढी भुक्तानी भएको असुल गर्नुपर्ने रु........ | १६०१७ |
| ४७.६. | ५९।०७७।१।२२ इल्पु पोखरी खानेपानी निर्माण उपभोक्ता समितिलाई खानेपानी निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन अनुसार रु ४८५०००।०० खर्च लेखेकोमा रडको कार्य ६५४ के.जी. को प्रति के.जी. रु.१४२।७९ का दरले रु.९३५२०.०० मुल्याङकन भई भुक्तानीभएकोमा दर विष्लेषण अनुसार प्रति के. जी. रु.१२७।०० दरले रु.८३०५८।०० भुक्तानी हुनुपर्नेमा वढी मुल्याङकन भई भुक्तानी भएको असुल गर्नुपर्ने रु..... | १०४६२ |
| ४७.७. | ६८।०७७।१।२६ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम९७ को उपनियम ६ मा उपभोक्ता समितिवाट भएको विल भर्पाई अनुमोदन गराई सार्वजनिक निकायमा पेस गर्नुपर्ने व्यवस्था छ । खालिवोट ढल निकास उपभोक्ता समितिलाई कार्यसम्पन्न प्रतिवेदनका आधारमा रु.४०००००।०० खर्च लेखेकोमा pcc 1:2:4 र stone masonary work 1:4 को कार्यमा ९५ वोरा सिमेन्टको प्रति वोरा रु.१०३९।६० का दरले रु.९८७६२.०० मुल्याङकन भई भुक्तानी भएकोमा उपभोक्ता समितिले पेस गरेको विलभर्पाई अनुसार ५० वोरा सिमेन्टको खरिद विल पेस भएकोले खरिद गरेको भन्दा वढी ४५ वोरा सिमेन्टको प्रति वोरा १०३९।६९ का दरले मुल्याङकन भई भुक्तानी भएको रु.४६७९८।०० मा जनसहभागिताको अंश रु.९५५०।०० कट्टा गरी असुल हुनुपर्ने रु.... | ३७२४३ |
| ४७.८. | १०७।०७७।२।२१ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम९७ को उपनियम ६ मा उपभोक्ता समितिवाट भएको विल भर्पाई अनुमोदन गराई सार्वजनिक निकायमा पेस गर्नुपर्ने व्यवस्था छ । थापागाँउ रिटुङखोला तटवन्धन कार्यवापत रु.३२३३२८।०० को मुल्याङकन भई रु.३०००००।०० खर्च लेखेको छ । उक्त कार्यमा 3*1*1 को जालि ५७ घ.मी. को मुल्याङकन भए वापत प्रति घ.मी. रु.४३३५।०० का दरले रु.२४७११४।०० मुल्याङकन भएकोमा ढुङगा प्रति घ.मी. १.१० ले ६२.७० घ.मी प्रयोग भई प्रति घ.मी. रु. १३५०।०० का दरले रु.८४६४५।०० मुल्याङ्कन भएकोमा उपभोक्ता समितिले पेश गरेको विलभर्पाइ अनुसार ३५.२० घ.मी. रहेकोले वढी मुल्याङकन भएको २७.५० घ.मी. को रु.१३५०।०० का दरले भुक्तानी भएको रु. ३७१२५।०० मा जनसहभागितको अंश १० प्रतिशतले हुने रु.३७१३।०० कट्टा गरी असुल गर्नुपपर्ने रु. | ३३४१२ |
| ४७.९. | १८३।०७७।३।१९ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम९७ को उपनियम ६ मा उपभोक्ता समितिवाट | |

| | | |
|---|---|---|
| | भएको विल भर्पाई अनुमोदन गराई सार्वजनिक निकायमा पेस गर्नुपर्ने व्यवस्था छ ।गौ वोम वस्त मा.वि घेरावार निर्माणको कार्यको लागि रु.१०२३६५९।०० को कार्यसम्पन्न तथा प्राविधिक मुल्याङकनको आधारमा रु.९५००००।०० खर्च लेखेकोमा घेरावार कार्यको लागि pcc 1:4 /र  १:२:४ कार्यको लागि ४०.३५ घ.मी को लागि प्रति वोरा सिमेन्टको १०३९।६० का दरले १७० वोरा सिमेन्टको रु.१७६७३२।०० मुल्याङकन भएकोमा उपभोक्ता समितिले संलग्न गरेको विलभर्पाई अनुसार प्रति वोरा सिमेन्टको मु.अ.कर समेत रु ९८८।७५ का दरले ११८ वोरा सिमेन्टको रु.११६६७२।०० खरिद गरेको विल भएकोले ५२ वोराको वढी मुल्याङकन भइ भुक्तानी भएको रु.५४०५९।०० मा जनसहभागिताको अंश रु.५०८१।०० कट्टा गरी असुल गर्नुपर्ने रु........ | ४८९७८ |
| ४७.१०. | १८४।०७७।३।१९ घरथोक सामुदायिक भवन निर्माणको लागि रु.१०१६३७३।०० कार्यसम्पन्न प्रतिवेदनको आधारमा रु.९२१५००।०० खर्च लेखेकोमा स्टिल वर्कको काम १२५१ के.जी. को दर विश्लेषण अनुसार प्रति के.जी. रु.१२६।५७ ले मुल्याङकन भई भुक्तानी हुनुपर्नेमा रु.१४२।७९ का दरले मुल्याङकन भई भुक्तानी भएकोले वढी मुल्याङकन भई भुक्तानी भएको रु.१८७६६।०० मा जनसहभागिताको अंश रु.१७१५।०० कट्टा गरी असुल गर्नुपर्ने रु. | १७०५१ |
| ४७.११. | १८६।०७७।३।१९ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम९७ को उपनियम ६ मा उपभोक्ता समितिवाट भएको विल भर्पाई अनुमोदन गराई सार्वजनिक निकायमा पेस गर्नुपर्ने व्यवस्था छ ।लामखोरिया खानेपानी नर्माण योजना सिमितिलाई उक्त कार्यको रु.१६१४५०।०० को कार्यसम्पन्न प्रतिवेदनको आधारमा रु.१५००००।०० खर्च लेखेकोमा २० एम एमको एचडिपी पाईप ८० मिटरको १६ के.जी.को  प्रति के.जी. रु. ३१०।७५ का दरले ४९१०।०० मुल्याङकन भई भुक्तानी हुनुपर्नेमा ८०० मिटरको १६० के.जी. को रु.३१०।७५ का दरले रु.४९७२०।०० मुल्याङकन भई भुक्तानी भएकोले १४४ के.जी.को वढी मुल्याङकन भई भुक्तानी भएको रु.४४७४८।०० मा जनसहभागिताको अंश रु.४४७७।०० कट्टा गरी असुल हुनुपर्ने रु..... | ४०३०१ |
| ४७.१२. | २२१।०७७।३।२५ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम९७ को उपनियम ६ मा उपभोक्ता समितिवाट भएको विल भर्पाई अनुमोदन गराई सार्वजनिक निकायमा पेस गर्नुपर्ने व्यवस्था छ । थापाचौर देविस्थान सडक स्तरोन्नती उपभोक्ता समितिलाई सडक स्तरोन्नतिको कार्य वापत रु.३७८४२५४।०० खर्च लेखेकोमा कार्यसम्पन्न प्रतिवेदन अनुसार 2*1*1 र 3*1*1  जाली ९१ गोटामा १८२ घ.मी  मुल्याङकन भएकोमा उपभोक्ता समितिले पेश गरेको विलभर्पाई अनुसार ११० घ.मी ढुङगा मात्र ढुवानी गरेको देखिएकोले ढूवानी भएको ढुङगाको परिमाण भन्दा ७२ घ.मी. ढुङगा वढी प्रयोग भएको देखाई मुल्याङकन भएकोले जिल्ला दर रेट अनुसार प्रति घ.मी. रु.१३५०।०० का वढी मुल्याङ्कन भएको रु.९७२००।०० मा जनसहभागिताको अंश रु.९२००।०० वाहेकको असुल गर्नुपर्ने रु....... | ८८२०० |
| ४७.१३. | २२४।०७७।३।२५ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम९७ को उपनियम ६ मा उपभोक्ता समितिवाट भएको विल भर्पाई अनुमोदन गराई सार्वजनिक निकायमा पेस गर्नुपर्ने व्यवस्था छ । मालिका आधारभुत विधालय घेरावार निर्माण कार्यको रु.४८९४५१।०० को कार्यसम्पन्न प्रतिवेदनको आधारमा आधारभुत विधालय घेरावार निर्माण उपभोक्ता समितिलाई रु.४६१३८८।०० खर्च लेखेकोमा नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदनमा ८४ वोरा सिमेन्टको मु.अ.कर समेत प्रति वोरा रु.१०३९।६० का दरले रु.८७३२६।४० मुल्याङ्कन भई भुक्तानी भएकोमा उपभोक्ता समितिले पेश गरेको विलभर्पाइमा १० वोरा सिमेन्टको मात्र विल पेश भएकोले ७४ वोरा सिमेन्टको प्रति वोरा रु.१०३९।६० का दरले वढी मुल्याङकन भएको रु.७७०००।०० मा जनसहभागिताको अंश रु.७७००।०० वाहेको असुल गर्नुपर्ने रु. | ६९३०० |
| ४७.१४. | २४५।०७७।३।२६ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम९७ को उपनियम ६ मा उपभोक्ता समितिवाट भएको विल भर्पाई अनुमोदन गराई सार्वजनिक निकायमा पेस गर्नुपर्ने व्यवस्था छ ।जुग्जा देखि धौलागिरी जोडने मोटरवाटो निर्माण उपभोक्ता समितिलाई  उक्त कार्यको रु.१६०९९०९।०० को आधारमा रु.१३४८९१६।०० | |

| | | |
|---|---|---|
| | खर्च लेखेकोमा कार्यसम्पन्न प्रतिवेदन अनुसार २*१*१ र ३*१*१ जाली ९१ गोटामा १८२ घ.मी मुल्याङकन भएकोमा उपभोक्ता समितिले पेश गरेको विलभर्पाई अनुसार ११० घ.मी ढुङगा मात्र ढुवानी गरेको देखिएकोले ढूवानी भएको ढुङगाको परिमाण भन्दा ७२ घ.मी. ढुङगा वढी प्रयोग भएको देखाई मुल्याङकन भएकोले जिल्ला दर रेट अनुसार प्रति घ.मी. रु.१३५०।०० का वढी मुल्याङ्कन भएको रु.९७२००।०० मा जनसहभागिताको अंश रु.९२००।०० वाहेकको असुल गर्नुपर्ने रु....... | ८८००० |
| ४७.१५. | २५१।०७७।३।२८ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम९७ को उपनियम ६ मा उपभोक्ता समितिवाट भएको विल भर्पाई अनुमोदन गराई सार्वजनिक निकायमा पेस गर्नुपर्ने व्यवस्था छ । खोप्टी गाँउ संरक्षणा उपभोक्ता समितिलाई रु.३४३९७२।०० को कार्यसमपन्न प्रतिवेदनको आधारमा रु.३२००००।०० खर्च लेखेकोमा कार्यसम्पन्न प्रतिवेदन अनुसार 2*1*1 को ग्याविन जाली को कार्य ७४ घ.मी.को प्रति घ.मी. रु.४३३५।३४ का दरले रु.३२०८१५।०० मुल्याङकन भई भुक्तानी भएकोमा उपभोक्ता समितिले पेश गरेको विलभर्पाइ अनुसार ६० घ. मी. मात्र रहेकोले १४ घ.मी.को प्रति घ.मी. रु.४३३५।३४ का दरले वढी मुल्याङकन भई भुक्तानी भएको रु.६०६९४।०० मा जनसहभागिताको अंश रु.६०६९।०० वाहेकको असुल गर्नुपर्ने रु...... | ५४६२५ |
| ४८. | **खन्नेपुर्ने कार्यमा वढी भुक्तानीः** २३९।०७७।३।२६ सागवारे डल्ला खानेपानी उपभोक्ता समितिलाई रु. ९३४६९।०० को कार्यसम्पन्न प्रतिवेदनको आधारमा रु.८००००।०० खर्च लेखेकोमा २० एम एम १० के.जी. को ३०० र.मी. प्रयोग भएकोमा खन्नेपर्ने कार्य ६०० र.मी.१५० घ.मी. प्रति घ.मी.रु.४३७।७४ का दरले मुल्याङ्कन भई रु.६५६६२।०० भुक्तानी भएकोले ७५ घ.मी. को वढी मुल्याङकन भई भई भुक्तानी भएको रु.३२८३१।०० मा जनसहभागिताको अंश रु.५५७१।०० वाहेको असुल गर्नुपर्ने रु........ | २७२६० |
| | **संघीय सरकार हस्तान्तरित कार्यक्रमः** | |
| ४९. | **प्रोभिजनल समको रकम भुक्तानीः** २३।०७७।३।२६ निर्माण व्यावशायी सँग भएको खरिद सम्झौतामा प्रोभिजनल सममा व्यवस्था भएको रकमवाट भुक्तानी गर्दा वास्तविक लागत मात्र भुक्तानी गर्ने व्यवस्था छ ।सो अनुसार प्रोभिजनल सममा राखेको आइटमको रकम खर्च गर्नु परेमा निर्माण व्यावसायीले सो आईटमको काममा भएको खर्चको विल भर्पाई समेत संलग्न गरी भुक्तानी दावि गर्नु पर्दछ ।कार्यालयले प्रोभिजनल सममा व्यवस्था गरेको विमा वापतको रु.२००००।०० निर्माण व्यावसायी ढोरपाटन कन्सट्रक्सन प्रा.लि. लाई भुक्तानी गरेकोमा विल पेश नभएकोले अशुल गर्नुपर्ने रु. .................. | २०००० |
| ५०. | **कन्टिन्जेन्सी रकम भुक्तानीः** १७।०७७।३।२२ मालिका आवासिय विधालय २ कोठे भवन निर्माण वापत निर्माण उपभोक्ता समितिलाई रु.१९१२३७२।०० को कार्यसम्पन्न प्रतिवेदनको आधारमा रु.१६०००००।०० भुक्तानी गरेकोमा कन्टिन्जेन्सी रु.४८०००।०० समेत भुक्तानी भएकोले कन्टिन्जेन्सी वापत भुक्तानी भएको रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु........ | ४८००० |
| | **शिक्षा तर्फः** | |
| ५१. | **राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताः** सार्वजनिक निकायले खर्च गर्दा स्विकृत वजेटको परिधिभित्र रहि मितव्ययी तरिकाले खर्च गर्नुपर्नेमा पालिकाले राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन गर्न शर्शत अनुदान वजेटमार्फत रु १ लाख स्विकृत भई निकासा प्राप्त भएकोमा पालिकाले प्रतियोगिता सञ्चालन गर्न रकम नपुग भएको भनी समानीकरण चालुको भौचर नं ३१६, २८१ र २१० वाट रु११२८३४७।०० र शर्शत अनुदानको भौ नं ८२ वाट रु १०००००।०० गरी जम्मा रु१२२८३४७।०० खर्च लेखेको छ।यसरी स्विकृत वजेटभन्दा वढी खर्च गरी खर्च लेखेको रकम अनियमित देखिएको रु | ११२८३४७ |
| ५२. | **मौजुदा सुचीमा दर्ता नभएको फर्म संग खरिदः ८६।२०७७।०३।२४**सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५(४) मा सार्वजनिक निकायले रु. १ लाख रुपैंया भन्दा वढी रकमको सोझै खरिद गर्दा मौजुदा सुचीमा रहेका कम्तीमा तीनवटा आपुर्तिकर्तावाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा | |

| | | |
|---|---|---|
| | मौजुदा सुचीमा दर्ता नभएको फर्म धौलागीरी अफ्सेट प्रेस वाट कोभिड १९ वाट भएको शैक्षीक क्षती न्युनिकरण तथा सिकाई प्रर्वद्धन कार्यक्रम अन्तर्गत पुस्तक छपाई गरी भुक्तानी गरेकोले अनियमित देखिएको रु…… | २९६२२९ |
| ५३. | **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ। | |

| क्र.स | विद्यालयको नाम | शक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थि संख्या |
|---|---|---|---|---|---|
| १. | निस्कोट मा वि | ८ | ८ | ४ | १७९ |
| २. | सिद्द आ वि | ६ | ६ | १ | १९७ |
| ३. | शिशुकल्याण आ वि | २ | २ | २ | ५९ |
| ४. | सरस्वती आ वि | २ | २ | २ | ९ |
| ५. | जनजागरण आ वि | ० | ० | ० | ३६ |
| ६. | राष्ट्रिय मा वि | १४ | १३ | ६ | ४१३ |
| ७. | राष्ट्रिय जनकल्याण आ वि | २ | २ | २ | ४१ |
| ८. | देउराली आ वि | ५ | ५ | ३ | १७६ |
| ९. | जनजागृती आ वि | ३ | ३ | १ | ७४ |
| १०. | ध्रुवज्योती आ वि | १ | १ | १ | २५ |
| ११. | ज्ञानविकास आ वि | ० | ० | ० | ४८ |
| १२. | अमरज्योती मा वि | ६ | ६ | २ | २१२ |
| १३. | विद्याज्योती आ वि | २ | २ | २ | ९ |
| १४. | गोरक्षा आ वि | ४ | ४ | १ | १३६ |
| १५. | जनज्योती आ वि | २ | २ | २ | ३२ |
| १६. | सरस्वती आ वि | ० | ० | ० | २३ |
| १७. | ओखरवोट मा वि | १० | १० | ८ | १८४ |
| १८. | पुरषोत्तम आ वि | ३ | ३ | २ | ४६ |
| १९. | सिद्दार्थ मा वि | ६ | ६ | ३ | १७० |
| २०. | खवाङ्ग आ वि | ३ | ३ | १ | ३५ |
| २१. | शिव आ वि | ३ | ३ | ० | ३३ |
| २२. | महभिर आ वि | ३ | ३ | ० | ५२ |
| २३. | भिम मा वि | १२ | १२ | ५ | १९५ |
| २४. | गौवम वस्त मा वि | ८ | ८ | ४ | २५५ |
| २५. | लक्ष्भी आ वि | ३ | ३ | २ | २९ |
| २६. | मालिका आ वि | ३ | ३ | ० | ३० |
| २७. | सरस्वती आ वि | ४ | ४ | १ | २३ |
| २८. | प्रतिनर्मा आ वि | ३ | ३ | ३ | ५२ |
| २९. | जनप्रिय मा वि | १७ | १७ | ५ | ६७३ |
| ३०. | मालिका आ वि | ६ | ६ | ३ | ५८ |
| ३१. | भगवती आ वि | ७ | ७ | ३ | ६८ |
| ३२. | सती आ वि | २ | २ | १ | ४६ |
| ३३. | सिद्द आ वि | १ | १ | ० | ६ |
| ३४. | किसानी मा वि | १४ | १४ | ३ | तथ्यांक नआएको |
| ३५. | जनकल्याण आ वि | २ | २ | २ | १० |
| ३६. | शिव आ वि | ३ | ३ | २ | ४३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३७. | मालिका आ वि | ३ | ३ | १ | ६९ |
| ३८. | हिमाली आ वि | ० | ० | ० | १२ |
| | जम्मा | १७३ | १७२ | ७८ | ३७५८ |

यस सम्वन्धमा देहायअनुसार उल्लेख गरिएको छ।

- पालिकाले उपलव्ध गराएको विवरण अनुसार जनजागरण आ वि मा ३६, ज्ञानविकास आ वि मा २३ र हिमाली आ वि मा १२ जना विद्यार्थी अध्ययनरत रहेकोमा शिक्षक दरवन्दी तथा पदपुर्ती शुन्य देखिन्छ।पालिकाले विद्यार्थी संख्याका आधारमा दरवन्दी तथा पदपुर्ती गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।
- पालिकाको कुल दरवन्दीमा ४५ प्रतिशत दरवन्दी करारवाट भएको देखिन्छ।पालिकाले दरवन्दीमा स्थायी शिक्षक नियुक्तिको लागी ध्यान दिनुपर्ने देखिन्छ।

| | | |
|---|---|---|
| | **शिक्षा विकास निर्देशानलय** | |
| ५४. | **लागत अनुमान र प्राविधिक मूल्यांकन वेगर भुक्तानीः ६।२०७७।०३।२५** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद संझौता अनुसार सार्वजनिक निकायले बील वा बिजकको भुक्तानी गर्दा शर्त बमोजिम प्राविधिक नाँप जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा पालिकाले किसानी माध्यमिक विद्यालयलाई वगैचा निर्माण कार्य गर्न भनी वजेट विनियोजित भई पालिका र विद्यालयविच २०७७।०३।११ मा सम्झौता गरी कार्य गर्ने उल्लेख भएता पनी उक्त कार्यको लागत अनुमान तथा प्राविधिक नापजाँच विना सिमेन्ट खरिदको विल र वडाको सिफारिसको आधारमा मात्र भुक्तानी गरेको देखिन्छ।यस सम्वन्धमा पालिकामा जानाकारी लिदाँ पालिकाका प्राविधिक कर्मचारीलाई समेत सो सम्वन्धमा जानाकारी नभएको र उक्त विद्यालयमा अषाढ महिनामा उक्त स्थानका वाढी पिडित जनतालाई राखिएको जानकारी पाइयो।यसरी निर्माण कार्यको लागत अनुमान तथा प्राविधिक मुल्यांकन वेगर भुक्तानी भएको र खरिद सिमेन्टको प्रयोगको अवस्था समेत नखुलाई भुक्तानी गरिएको रकम सम्वन्धित विद्यालयवाट असूल गर्नुपर्ने रु | ५००००० |
| ५५. | **स्थानीय पुर्वाधार विकास कार्यक्रम तर्फः** पालिकामा आ व २०७६।७७ मा स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम अर्न्तगत ४ आयोजना छनौट भई रु ९८ लाख ७५ हजार वजेट विनियोजन भएकोमा रु ९३ लाख ७८ हजार निकासा भएको देखिन्छ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ। | |
| ५६. | **कार्य सम्पादन जमानतः** सावर्जनिक खरिद नियमावली २०६४ को नियम ११० मा स्वीकृत बोलपत्रको बोलपत्रदाताले कार्यसम्पादन जमानत पेश गर्दा निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा १ महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ।पालिकाले स्थानिय पुर्वाधार विकास कार्यक्रम अन्तर्गतको ठेक्का नं MRM/MDG/NCB/2076/77-05 को आँधिभारा औल वेली रुम सडक निर्माण कार्यको निर्माण सम्पन्न अवधी २०७७।०३।२६ रहेकोमा बैक जमानत अवधि २०७८।०२।१० सम्म मात्र रहेकोले नियमावलीको व्यवस्थाअनुसार मिति २०७८।०४।२६ सम्म कार्यालयले कार्यसम्पादन जमानतको अवधी थप गर्नेतर्फ कारवाही अघि बढाउनुपर्दछ । | |
| ५७. | **प्रोभिजनल समको रकम भुक्तानीः** २।०७७।२।२१ निर्माण व्यावशायी सँग भएको खरिद सम्झौताम प्रोभिजनल सममा व्यवस्था भएको रकमवाट भुक्तानी गर्दा वास्तविक लागत मात्र भुक्तानी गर्ने व्यवस्था छ ।सो अनुसार प्रोभिजनल सममा राखेको आइटमको रकम खर्च गर्नु परेमा निर्माण व्यावसायीले सो आईटमको काममा भएको खर्चको विल भर्पाई समेत संलग्न गरी भुक्तानी दावि गर्नु पर्दछ ।कार्यालयले प्रोभिजनल सममा व्यस्था गरेको विमा वापतको रु.१५०००।०० आँधिभरा औल वेली रुम सडक निर्माण ठेक्काको भुक्तानी गरेकोमा विल पेश नभएकोले अशुल गर्नुपर्ने रु | १५००० |
| | **स्वास्थ्य तर्फ** | |
| ५८. | **औषधिको लोगो परीक्षणः** पालिकाले खरिद गरेका औषधिहरुमा नेपाल सरकारको निशुल्क स्वास्थ कार्यक्रमका लागि भन्ने लोगो लगाउनु पर्ने ब्यवस्था छ।पालिकाबाट खरिद गरिएको औषधिहरुको भण्डारमा लोगो परीक्षण गर्दा ३ वटामा INSTITUTIONAL SUPPLY लेखेको पाइयो। जुन स्विकृत लोगोभन्दा फरक देखिन्छ । | |

| सि·न | औषधिको नाम | म्याद नाघे ननाघेको | निसुल्क वितरणको लोगो भए नभएको |
|---|---|---|---|
| १. | Ciprofloxacin250mg | Jul/2021 | INS SUPPLY |
| २. | Azithromycin100mg | Apr/2022 | नभएको |
| ३. | Antitus Syrup50ml | Jan/2022 | नभएको |
| ४. | Paracetamol60ml | Jan.2022 | नभएको |
| ५. | Aluminium Hydroxide | Nov/2021 | INS SUPPLY |

| | | |
|---|---|---|
| ५९. | **६६।२०७७।३।१,**पालिकाले खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आवहान गरी रानिमहल मेडीको सप्लायर्सबाट रु.८५०००० को औषधि खरिद गरेको छ ।पालिकाले २०७६।१२।९ मा रानिमहल मेडीको सप्लायर्ससंग औषधि आपुर्ति सम्झौता गरेको पाइयो।सम्झौताको बुंदा नम्बर ८ मा कार्यालयले खरिद आदेश उपलब्ध गराएको १० दिनभित्र आपुर्तिकर्ताले सामान उपलब्ध गराउनु पर्ने भन्ने व्यवस्था रहेकोमा कार्यालयले औषधिहरुको माग फारम ,खरिद आदेश तथा दाखिला किताबमा मिति उल्लेख नगरि अभिलेख राख्नाले सो समयावधिको पालना भयो कि भएन यकिन हुन सकेन ।पालिकाले जिन्सी व्यवस्थापनलाइ चुस्त दूरुस्त बनाउन विशेष ध्यान दिनुपर्ने देखिन्छ। | |
| ६०. | **झोलुङ्गेपुल क्षेत्रगत विकास कार्यक्रमः** मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएको संघ सस्थाले ठेक्का वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा आपुर्ति वापतको रकम सम्वन्धित निर्माण व्यवसायी वा आपुर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ५० प्रतिशतले हुन आउने रकम निजको नामवाट सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा जम्मा गरी वाँकी रहने कर वापतको रकम मात्र भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा पालिकाले विभिन्न ५ स्थानमा झोलुङ्गे पुल निर्माण गर्न प्राविधिक साहायताको लागी मिलन म्याग्दीलाई सम्झौतानुसारको ६५ प्रतिशत रकम रु७२८४९८ भुक्तानी गरेकोमा मुल्य अभिवृद्धि कर रु८३८१० को ५० प्रतिशत रु ४१९०५।०० कट्टी नगरी भुक्तानी गरेकोले मु अ कर समायोजनको प्रमाणपत्र पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु | ४१९०५ |
| ६१. | **औषधी खरिदः**सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ।तर स्थानीय तहले उक्त प्रक्रिया वेगर विभिन्न सप्लायर्सवाट रु २१ लाख ७१ हजारको औषधि सोझै खरिद गरेको छ।यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः | |
| | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको | |
| | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति,ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको | |
| | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |
| | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । | |
| | तसर्थ औषधिको खरिद,आपूर्ती,दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने,तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ | |

ध्यान दिनुपर्दछ।

६२. **प्रधानमन्त्री रोजगार कार्यक्रमः**स्थानीय तहमा सुचिकृत वेरोजगार व्यक्तिलाई न्युनतम रोजगारी प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ।गाँउपालिकामा यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विद्यालय भवन मर्मत, खानेपानी योजना निर्माण, पैदल मार्ग निर्माण,कुलो निर्माण र सडक तथा वाटो मर्मत कार्यमा रु १५ लाख खर्च भएको देखिन्छ।प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चलन निर्देशिका २०७५ को दफा २ (ट) मा वेरोजगार व्यक्तिलाई स्थानीय तहको रोजगार सेवा केन्द्रमा सुचिकृत गरी परिचय पत्र वितरण गर्नुपर्ने व्यवस्था गरेको छ।कार्यविधिको दफा १३(१) मा रोजगार सेवा केन्द्रमा सुचिकृत वेरोजगार व्यक्तिहरु मध्येवाट निर्देशिकाको दफा २१ को उपदफा (३) वमोजिमको प्रथामिकता क्रममा आधारमा काममा खटाउनु पर्ने व्यवस्था रहेको छ।गाउँपालिकाले वेरोजगार व्यक्तिहरुको सुचि तयार गरि परिचयपत्र वितरण गरेर प्रथामिकताको आधारमा मात्र कामका लागी पारिश्रमिक कार्यक्रममा सहभागी गराउनु पर्नेमा सो गरेको पाइएन।वडाको सिफारिसका आधारमा मात्र कामदारहरु छनौट गरी कार्यक्रम सञ्चालन गरेको देखिंदा वास्तविक वेरोजगार व्यक्तिहरुले नै रोजगारी प्राप्त गरे भन्ने आधार रहेन।कार्यक्रममा सहभागी कामदारको ज्याला वैकिङ प्रणालीवाट भुक्तानी गर्ने अवस्था हुदा हुदै सो नगरी डोर हाजिरीमा नै भर्पाई गरी पालिकावाट एकमुष्ट रुपमा एक जना व्यक्तिको नाममा रकम निकासा भएकोले वितररण गरिएको रकम विश्वसनिय छ भन्न सकिएन ।आयोजना सञ्चालन पुर्व स्थानिय तहले प्राविधिक कर्मचारी खटाई प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने र सोको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन गर्नुपर्नेमा कतिपय आयोजनामा प्राविधिक प्रतिवेदन संलग्न भएको छैन।कानुनमा भएको व्यवस्थाको पालना गर्दै सुचिकृत वेरोजगारहरुले रोजगारी पाउने अवस्थाको सृजना गरेर रोजगार व्यवस्थापन सुचना प्रणालीलाई अद्यावधिक गर्दै कामका लागी पारिश्रमिक कार्यक्रमलाई विश्वसनिय तथा प्रभावकारी वनाउनुपर्दछ ।

६३. **आन्तरीक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(३) मा आन्तरिक लेखापरीक्षणले औंल्याएका व्यवहोराहरु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ।आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु अन्तिम लेखापरीक्षण हुंदासम्म फर्छौट नभएका व्यहोराहरु निम्नानुसार रहेका छन्। ११९०४४६

| सि.न | भौ.न र मिति | व्यवहोरा | रकम |
|---|---|---|---|
| अनियमित तर्फ | | | |
| १. | १२ | सरकारी गाडी प्रयोग गर्दा लगबुक नभएको | १७००० |
| २. | १५३ | सरकारी गाडी प्रयोग गर्दा लगबुक नभएको | १९००० |
| ३. | १६८ | सरकारी गाडी प्रयोग गर्दा लगबुक नभएको | ४७२५ |
| ४. | ३७३ | सरकारी गाडी प्रयोग गर्दा लगबुक नभएको | ५४० |
| ५. | ५३।२०७६।८।१५ | भ्याट विल विना भुक्तानी | ७२१०० |
| ६. | २०३ | भ्रमण बील स्वीकृत गराउनुपर्ने | ८२०० |
| ७. | १८४ | मर्मत आदेश बनाउनुपर्ने | ६६८९६ |
| ८. | २८४ | मर्मत आदेश बनाउनुपर्ने | १७८३१ |
| ९. | २८९ | मर्मत आदेश बनाउनुपर्ने | २५७९९ |
| १०. | ३०० | आदेश चिट कुपन संलग्न गर्नुपर्ने | २३२३० |
| ११. | ३६२ | यथेस्ट प्रमाण पेश गर्नुपर्ने | २२९८७ |
| १२. | २ | कार्यालय प्रमुखको दस्तखत र वडाको सीफारीस नभएको | ९०००० |
| | | **जम्मा** | **३६८३०८** |
| **प्रमाण तर्फ** | | | |
| १३. | १२८ | प्रशिक्षकको प्रमाणपत्र संलग्न गर्नुपर्ने | २७१२० |
| १४. | १३४ | सामाग्रीको दाखिला प्रमाण पेश गर्नुपर्ने | २१८६५ |

| | | | |
|---|---|---|---|
| १५. | २८१ | सामाग्रीको दाखिला प्रमाण पेश गर्नुपर्ने | ५५५४० |
| १६. | २०२ | सरकारी गाडी प्रयोग गर्दा लगबुक नभएको | २४१९२ |
| १७. | २७९ | सरकारी गाडी प्रयोग गर्दा लगबुक नभएको | ३००० |
| १८. | १३८ | टोड्के मिडीयालाइ विलबेगर भुक्तानी | ५००० |
| १९. | २१६ | म्याग्दीकालि सञ्चार सहकारी विल भरपाइ समावेश गर्नुपर्ने | २२६०० |
| २०. | २२१ | निर्णयको प्रतिलिपी पेश गर्नुपर्ने | ५००० |
| २१. | २४३ | विल भरपाइ विना भुक्तानी | ११३०० |
| २२. | २४४ | खर्च प्रमाणीत गर्ने कागजात पेश गर्नुपर्ने | १०००० |
| २३. | ३१२ | सामाग्रीको दाखिला प्रमाण पेश गर्नुपर्ने | १२४७० |
| २४. | ३४० | सामाग्रीको दाखिला प्रमाण पेश गर्नुपर्ने | ३२६५० |
| २५. | ३५९ | खर्च प्रमाणीत गर्ने कागजात पेश गर्नुपर्ने | ३०००० |
| २६. | ३६३ | खर्च प्रमाणीत गर्ने कागजात पेश गर्नुपर्ने | ३०५५० |
| २७. | ३६१ | खर्च प्रमाणीत गर्ने कागजात पेश गर्नुपर्ने | १९३१८ |
| २८. | ३६४ | सामाग्रीको दाखिला प्रमाण पेश गर्नुपर्ने | १४००० |
| २९. | ३६५ | खर्च प्रमाणीत गर्ने कागजात पेश गर्नुपर्ने | ५७९७० |
| ३०. | ३६६ | खर्च प्रमाणीत गर्ने कागजात पेश गर्नुपर्ने | ३५४५० |
| ३१. | ९० | सामाग्रीको दाखिला प्रमाण पेश गर्नुपर्ने | ५३६७५ |
| ३२. | २४७ | औषधि सामाग्रीको दाखिला प्रमाण पेश गर्नुपर्ने | २४८००० |
| | | **जम्मा** | **७१९७००** |
| असूली तर्फ | | | |
| ३३. | १४।२०७६।६।१२ | खरमाया विटालुलाइ भ्रमण भत्ता बढी भुक्तानी | ६२५ |
| ३४. | ७४ | उत्तम पुनलाइ बढी तलब भुक्तानी | ३९६० |
| ३५. | ७६ | कमला कुमारी शर्मालाइ विलभन्दा बढी भुक्तानी | २८८० |
| ३६. | ७६,९१ | सुर्यलाल विश्वकर्माले कार्यालयमा हाजीरी गरी भ्रमण भत्ता बुझेको | ४००० |
| ३७. | ९७ | कर कट्टी नगरेको | ८२० |
| ३८. | १३६ | रेडीयो म्याग्दीको खालि सिडी लाइ भुक्तानी | २०००० |
| ३९. | १४० | सोमबहादुर केसीलाइ भत्ता बढी भुक्तानी | १६०० |
| ४०. | १४२ | कास लाइ बढी भुक्तानी | ४५० |
| ४१. | २०३ | अमरसिंह आ.सि लाइ बीलभन्दा बढी भुक्तानी | २४०० |
| ४२. | ३१७ | सन्तुकुमारी कार्कीलाइ विलभन्दा बढी भुक्तानी | २४५५ |
| ४३. | २८६ | विष्नु इलेक्ट्रोनिक्स को कर कट्टी कम गरिएको | २०४ |
| ४४. | ३८० | विजय खड्का कार्यालयमा हाजीरी गरी भ्रमण भत्ता बुझेको | ९०७६ |
| ४५. | ६१ | कम कन्टीन्जेन्सी कट्टा गरेको | ६००० |
| ४६. | २४५ | विल भरपाइ भन्दा बढी भुक्तानी | २५५०५ |
| ४७. | ३२ | अग्रीम आयकर कम कट्टा गरेको | ५४५९ |
| ४८. | ८ | शिद्धार्थ मावि लाइ बढी भुक्तानी | १०००० |
| ४९. | ५० | बढी भुक्तानी | ४५४८ |
| ५०. | ९७ | विल भरपाइ भन्दा बढी भुक्तानी | २४५६ |
| | | **जम्मा** | **१०२४३८** |
| | | कुल जम्मा | ११९०४४६ |

६४. **मोविलाइजेशन पेश्की:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा आर्थिक बर्षको अन्त्यसम्ममा पेश्की फछ्यौट गरी सक्नु पर्ने व्यवस्थानुसार भौ नं ४१ र १३१ वाट वहुउद्देश्यि सभाहल निर्माण गर्न जयलक्ष्मी निर्माण सेवालाई दिइएको रु २० लाख पेश्की नियमानुसार समयमै फछ्यौट गर्नुपर्ने देखिन्छ।

६५. **पेश्की बाँकी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा आर्थिक बर्षको अन्त्यसम्ममा पेश्की फछ्यौट गरी सक्नु पर्ने व्यवस्था भएकोमा आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्नानुसार

<table>
<tr>
<td></td>
<td>व्यक्ति, उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुको नाममा रहेको पेश्की रकम नियमानुसार असूल फछ्यौट गर्नुपर्ने रु...
<table>
<tr><th>गो भा नं/मिति</th><th>पेश्की लिनेको नाम</th><th>वापत</th><th>रकम</th></tr>
<tr><td>२६/२०७६/१०/२०</td><td>किवि खेती विस्तार कृषि समुह</td><td>किवि खेती विस्तार मालिका ६</td><td>१६५०००</td></tr>
<tr><td>४/२०७६/११/२९</td><td>दिप्ती खोला झोलुङ्गे पुल निर्माण उ स</td><td>विभिन्न ५ स्थानमा झोलुङ्गे पुल निर्माण गर्न</td><td>७३८१४२</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>९०३१४२</td></tr>
</table>
पालिकाले उपलव्ध गराएको सुत्रको वित्तिय प्रतिवेदनको अनुसुची २३ मा पेश्की वाँकी रु२६१३९३४२।०० रहेकोमा सामाजिक सुरक्षा भत्ता वितरण वापतको रु२३२३६२००।०० आ व २०७७।७८ मा भौ नं २।२०७७।०८।०९ वाट फछ्यौट भएको र वाँकी रु२९०३१४२।०० मध्ये रु २० लाख मोविलाइजेशन पेश्की रहेको पालिकाको भनाई रहेको छ।</td>
<td>९०३१४२</td>
</tr>
</table>

अनुसु च १

# पा लकाको सं चतकोषको  ववरण

## २०७६।०७७

प्रदेश: गण्डकी (**रु हजारमा**)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | | जम्मा आय | | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व वाडफाड | आन्तरीक आय | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ | ६ (२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११ (१+६-१०) |
| १ | मालिका गाउँपालिका | म्याग्दी | ८६३२९ | २६१३६० | ४५४८२ | ६९५० | १०६३२९ | ४२०१२१ | १६७१०७ | १४७८०१ | १२११०३ | ४३६०११ | ७०४३९ |

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसु च २

## २०७६।७७

(**रु हजारमा**)

| सि नं | जिल्ला | स्थानिय तहको नाम | प्रारम्भिक वेरुजु | | | प्रतिक्रियावाट फछ्यौट | | | वाँकी वेरुजु | | | वाँकी वेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदा न्तिक | लगति | | सैदान्तिक | लगति | | सैद्धा न्तिक | लगती | | | अनिय मत भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभनां न लएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| १ | म्याग्दी | मालिका गाउँपालिका | ४० | ४९ | २८०९८ | ० | ८ | १५०४१ | ४० | ४१ | १३०५६ | ४३५० | ६५४४ | १२५९ | ० | ० | ७८०३ | ० | ९०३ | ९०३ |

**अनुसुची ३**

## अद्यावधिक वेरुजु स्थीती

**(रु हजारमा)**

| क स | स्थानिय तह | जिल्ला | गत बर्ष सम्मको बाँकी | यो बर्षको फछ्यौट | बाकी | यो बर्ष सम्पबाट कायम बेरुजु | यो बर्षको बेरुजु | कुल बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | मालिका गाउँपालिका | म्याग्दी | १३४१९ | १२ | १३१४४ | 0 | १३०५६ | २६५५१ |